**मजदुर दैनिक विज्ञापन शाखा**
नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४२४४६५
**विज्ञापनको लागि सूचना**
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : २२ ★ ने. सं. ११४६ शिल्ला गा, द्वादशी ★ शनिबार ★ २ फागुन, २०८२ ★ February 14, 2026, Saturday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## “नेमकिपा समाजवादी दर्शन र कामदारवर्ग आधारित पार्टी हो”



भक्तपुर, १ फागुन । संस्थागत विद्यालय सङ्घ नेपाल (इसान)को आयोजनामा शुक्रबार शिक्षक भेलाभयो ।

कार्यक्रममा नेपाल मजदुर किसाट पार्टीका सचिव प्रेम सुवालले नेमकिपाको स्थापनाका आधार किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा र साम्राज्यवादविरोधी सङ्घर्षको नेतृत्व हो भन्नुभयो ।

“कुनै पनि उपलब्धि छिटो प्राप्त हुँदैन । एक विद्यार्थीलाई एसईईसम्म उत्तीर्ण गराउन १२-१३ वर्ष निरन्तर पढाउनुपर्दछ । कुनै राजनीतिक दल थोरै समयमा धेरै चुनाव जित्ने र सरकारमा पुग्ने पनि रहस्यको विषय हुनेछ, उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, “नेमकिपा समाजवादी दर्शन र कामदारवर्ग आधारित पार्टी हो । योसँग देश र जनतालाई माथि उठाउने स्पष्ट खाका छ । नेमकिपा कार्यकर्ता र जनतालाई देश र बाँकी संसारको तस्बिरबारे शिक्षित गर्ने एउटा विश्वविद्यालयजस्तै हो । उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्नुपर्दछ । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीहरूलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था जरूरी छ ।”

पैतीस वर्षयता सरकारमा गएका दलहरूले विदेशबाट सवारी साधन आयातमा भन्सार कर लगाउने, मदिरा र सुर्तीजन्य पदार्थमा अन्त शुल्क कर लगाउने र विदेशी ऋण लिनेलाई मुख्य आर्थिक स्रोत बनाएको देशको हितविपरीत हो । अहिलेसम्मका सरकारहरूले तलब खुवाउन र ऋणको सावाँ ब्याज तिर्न पनि ऋण ल्याएको देशघाती काम हो, उहाँले भन्नुभयो ।

सचिव सुवालले थप्नुभयो, “नेमकिपाका जनप्रतिनिधिहरूले निर्वाचित भक्तपुर नगरपालिकाले ख्वप कलेजहरू सञ्चालन गरेर देशभरका ४४ हजारभन्दा बढी विद्यार्थीलाई उच्च शिक्षाको अवसर प्रदान गरे । शिक्षकहरूले नयाँ पुस्तालाई कृत्रिम बौद्धिकता (एआई) सिर्जनात्मक ढङ्गले प्रयोग गर्न उत्साहित गर्नु आवश्यक छ ।”

राष्ट्रिय मानव अधिकार आयोगको वक्तव्यमा सरकारले देश र जनताको समस्या समयमा समाधान नभएको र सम्भावित विध्वंसको पूर्वानुमान गर्न नसकेको हुँदा गत भदौ २३ र २४ गतेका घटना घटेको उल्लेख भएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, “यही फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा देशभरि नै नेमकिपाका उम्मेदवारहरू निर्वाचित भए जनताको सुन्दर भविष्य, नयाँ युगको सुरूआत, सुशासन, प्रजातन्त्रको जित हुने ढोका खुल्नेछ ।”

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले शिक्षक समाजको चिरफार गर्नसक्ने सक्षम व्यक्ति भएको र भविष्य निर्माण गर्ने विद्यार्थी तयार पार्ने जिम्मेवारी शिक्षककै काँधमा रहेको बताउनुभयो ।

***बाँकी पृष्ठ ८ मा***

## भक्तपुरको शिक्षामा परिवर्तन आउनुमा अग्रजहरूको योगदान



भक्तपुर, १ फागुन । गणेश माध्यमिक विद्यालयको आयोजनामा शैक्षिक सत्र २०८२ को त्रैमासिक समीक्षा शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको शिक्षामा परिवर्तन आउनुमा अग्रजको योगदान रहेको बताउनुभयो ।

उहाँले ‘एक घर एक स्नातक’ मार्फत समाजलाई बुद्धिजीवीकरण गर्ने अभियानमा लागेको चर्चा गर्दै ख्वप सर्कल सञ्चालनमा धेरै कठिनाइ आए तापनि निरन्तरको प्रयासले भक्तपुर देशको शैक्षिक गन्तव्यस्थल बनेको विचार व्यक्त गर्नुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालनको लागि भौतिक पूर्वाधार तयार भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले शिक्षकहरूको मेहनतले सभ्य र सुसंस्कृत समाज निर्माण हुने बताउनुभयो । विद्यार्थीहरूमा स्वयम्सेवाको भावना जगाउनुपर्नेमा जोड दिँदै उहाँले मगन्ते प्रवृत्तिले समाज र देशको विकास नहुने बताउनुभयो ।

उहाँले आत्मनिर्भरताको सोच विकास गर्नुपर्ने उल्लेख गर्दै नपा लोप हुन लागेका मूर्त तथा अमूर्त सम्पदा जोगाउनमा केन्द्रित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “विदेशी सहयोगले देशको विकास हुँदैन र देश सार्वभौम बन्दैन । विदेशी सहयोगबिना नपाले १७१ वटा सम्पदा पुन: निर्माण गरेकोले आज भक्तपुरको अलग पहिचान छ ।”

वैदेशिक रोजगारीको नाममा युवालाई विदेश पठाइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले देशको राजनीति राम्रो भयो भने हरेक क्षेत्र राम्रो हुन्छ भन्नुभयो । उहाँले भदौ २३ र २४ को जेन-जी आन्दोलनले देशलाई राज्यविहीनताको अवस्थामा पुऱ्याई देशको सम्पत्ति जलाएको बताउनुभयो ।

विद्यार्थीहरूलाई निरन्तर प्रगतिको बाटोमा लाग्न प्रेरित गर्दै उहाँले पठन संस्कृति विकास गर्नुपर्छ भन्नुभयो ।

संस्थापक सदस्य कृष्णबहादुर दुगुजूले विद्यालय स्थापना गर्न प्राप्त सहयोगबारे बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् वडाध्यक्ष श्यामकृष्ण खत्रीले विभिन्न बाधा अड्चन सामना गर्दै विद्यालय आजको अवस्थासम्म आउँदा समाजमा धेरै सकारात्मक परिवर्तन आएको बताउनुभयो ।

विद्यालयका प्रअ गणेशराम थुसाले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै स्थानीय जनताको साथ र सहयोगले स्थापना भएको विद्यालयमा शिक्षकहरूको

***बाँकी पृष्ठ ८ मा***

## संसद्लाई देशभक्तहरूको जीवन्त सदन बनाउन जरुरी

जुम्ला, १ फागुन । निर्वाचन नजिकिएसँगै नेमकिपाले चुनाव प्रचार अभियानलाई तीव्र बनाएको छ । पार्टीका नेता तथा उम्मेदवारहरू घरदैलोमा पुगेर जनतासँग भेटघाट गर्दै छन् । नेमकिपाको पार्टी स्थापना दिवस तथा चुनावी प्रचार अभियान दैलेख, बैतडी, कालीकोटमा झैँ जुम्लामा पनि भइरहेको छ ।

यस्तै चुनावी प्रचार कार्यक्रम तिला गाउँपालिकाका विभिन्न गाउँमा भयो । खोली, चिलाकोट र भीमकोट गाउँमा पनि भयो ।

खोली गाउँमा भएको प्रचारात्मक कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले देश र जनताको पक्षमा इमानदारीपूर्वक सङ्घर्षरत दलका उम्मेदवारहरूलाई मतदान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सङ्ग्राम रावतको अध्यक्षतामा भएको सो प्रचारात्मक कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका कालीबहादुर बुढा, नेक्रा महिला सङ्घका गोरीकला भण्डारी, नेक्रामजदुर सङ्घका हरिबहादुर बोहोरा, तिलबहादुर रावत, कृषिविज्ञ जनक रावत र नवीन रावतले पनि बोल्नुभएको थियो ।

त्यस्तै अर्को कोणसभा चिलाकोट र भीमकोटमा गाउँमा पनि भयो ।

उक्त सभामा पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले पार्टीले गर्दै आएको सङ्घर्षबारे चर्चा गर्दै परिवर्तनको निम्ति कम्युनिस्ट पार्टीको जग हाली शोषित-पीडित जनताको पक्षमा सङ्घर्षरत नेमकिपाका उम्मेदवारलाई मतदान गर्न आग्रह गर्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका गोरीकला भण्डारीले संसद्लाई जनताको पिर मर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

## दलित महिला सञ्जालमा काठमाडौँ क्षेत्र नं. १० का उम्मेदवारसँग अन्तरक्रिया

काठमाडौँ, १ फागुन । दलित महिला सञ्जाल कीर्तिपुरले काठमाडौँ क्षेत्र नं. १० बाट प्रतिनिधिसभाको प्रत्यक्षतर्फका उम्मेदवार विन्द्रा महर्जनसँग शुक्रबार अन्तरक्रिया कार्यक्रम गऱ्यो ।

कार्यक्रममा उम्मेदवार महर्जनले सरकारले दलित भनेर छुट्याउनु गलत भएको धारणा राख्दै मानिसबिच जातभातमा विभेद गर्न नहुने र मासिनलाई वर्गीय दृष्टिकोणले हेर्नुपर्ने बताउनुभयो ।

समाज धनी र गरिबमा विभाजन भएझैं जात र भाषाभाषीमा पनि धनी र गरिब हुने भएकोले शोषण गर्ने शोषकविरूद्ध सङ्घर्ष गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टी देशको राजनीतिमा छुट्टै पहिचान भएको इमानदार, सिद्धान्तनिष्ठ र विचारले पोख्त भएको बताउनुभयो ।

“नेमकिपा सरकार बाहिर बसेर नि:स्वार्थरूपले देशको सेवाको लागि संसद्मा प्रखर प्रतिपक्षको भूमिका खेल्नेछ”, उहाँले भन्नुभयो ।

उम्मेदवार महर्जनले भन्नुभयो, “देशमा ३६ वर्षमा धेरै प्रधानमन्त्री, मन्त्री र सांसद बने तर ती निर्वाचित जनप्रतिनिधिले नेपाली जनताको सेवा गरेनन् । जनताको समस्या समयमै सम्बोधन नगर्दा भदौ २३ र २४ को घटना घटेको हो ।”

“नेमकिपाका सांसदहरूले हिजो संसद्मा देश र जनताको पक्षमा कानुन बनाउन सङ्घर्ष गरे, भ्रष्टाचारी, अपराधीलाई फासी दिनुपर्ने माग गरे । आज पनि जनताको नि:स्वार्थपूर्वक लाग्न पार्टी प्रतिबद्ध छ । यसैले नेमकिपाको निर्वाचन घोषणापत्रलाई अध्ययन गरी

***बाँकी पृष्ठ ८ मा***

**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।**

❖प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ।
❖मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।
❖निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
❖निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



भक्तपुर नपाको आयोजनामा पाक्षिक रूपमा प्रत्येक महिनाको १ र १५ गते भनपा क्षेत्रभित्र रहेका सम्पदा, पिठ, खोला, घाटलगायत विभिन्न स्थलहरूको सरसफाइ गरिँदै आएकोमा शुक्रबार ब्रह्मायणी परिसरमा सरसफाइ कार्यक्रम । *तस्बिर : मजदुर दैनिक/श्रीराम कासिछ्वा*

# सल्लाघारीमा च्वङा गणेश धिमे खलःद्वारा आयोजित ‘धाः बाजा’ प्रशिक्षण सम्पन्न

भक्तपुर, १ फागुन । भक्तपुर नगरपालिका वडा नं. १ स्थित सल्लाघारी क्षेत्रमा क्रियाशील च्वङा गणेश धिमे खलको आयोजनामा सञ्चालित तीनमहिने ‘धाः बाजा’ प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । भक्तपुरको पुरानो सहरबाट नयाँ बस्ती (सल्लाघारी) मा सरेका समुदायले आफ्नो पुर्ख्यौली कला, संस्कृति र परम्परालाई जीवन्त राख्ने उद्देश्यले यो प्रशिक्षण आयोजना गरिएको हो ।

यस प्रशिक्षणको औपचारिक सुरुआत २०८२ कार्तिक ३० गते प्रशिक्षक गुरु कृष्णराम दुवालद्वारा नासमनामा परम्परागत विधिअनुसार गरिएको थियो । प्रशिक्षण अवधिभर ‘ह सेनेगु’ (धा र सिछ्या भुछ्यालाई एउटै तालमा बजाउने अभ्यास) र बिच-बिचमा सांस्कृतिक अनुशासनमा रही कला सिकाइएको थियो ।

प्रशिक्षणको तीन महिना पूरा भएपछि गत माघ २९ गते नासमनामा आफन्त र टोलवासीहरूको बाक्लो उपस्थितिमा ‘धा पिदानेगु’ (बाजा बाहिर निकाल्ने) विशेष अनुष्ठान सम्पन्न भयो । वडा अध्यक्ष श्यामकृष्ण खत्रीको प्रमुख आतिथ्यमा भएको उक्त समारोहमा आचाजुसहित सबै नासमनादेखि सल्लाघारीसम्म पैदल यात्रामा सहभागी भएका थिए ।

फागुन १ गते सबै प्रशिक्षार्थीहरूले सूर्यविनायक (इनारे गणेश) को पूजा अर्चना गरी च्वङा गणेश मन्दिर परिसरमा समापन कार्यक्रम आयोजना गरे । सो अवसरमा वडा अध्यक्ष खत्रीले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र र प्रशिक्षकहरू कृष्णराम दुवाल, कृष्णराम कोजु र सत्यराम सुवाललाई कदरपत्र प्रदान गर्नुभयो । प्रशिक्षणको लागि स्थान उपलब्ध गराउने कृष्णबहादुर दुगुजु र यातायात व्यवस्थापनमा सहयोग पुऱ्याउने लक्ष्मीप्रसाद कोजुलाई पनि सम्मान गरियो । यस प्रशिक्षणमा कल्याण कोजु प्रथम (नायो) घोषित हुनुभयो ।

समारोहमा अतिथि खत्रीले धिमे खलले गाईजात्रा, नाटक र सांस्कृतिक प्रदर्शनको माध्यमबाट समाजका विकृतिमाथि प्रहार गर्दै वडाको पहिचान जोगाएकोमा प्रशंसा गर्नुभयो । उहाँले यस्ता प्रशिक्षणले बालबालिकालाई कुलतबाट जोगाउने बताउँदै अब सांस्कृतिक सीपसँगै राजनीतिक र सामाजिक चेतना पनि दिनु जरुरी रहेको उल्लेख गर्नुभयो । “विदेशी शक्तिको आडमा हुने गतिविधि र समसामयिक चुनौतीबारे नयाँ पुस्ता सचेत हुनुपर्छ,” भन्दै उहाँले अब धिमे र धाः पछि बाँसुरी प्रशिक्षणमा जोड दिन सुझाव दिनुभयो ।

कार्यक्रममा मुपुज्व टोल सुधार समितिका अध्यक्ष एवं सल्लाहकार शारदाभक्त वैद्य (साहिँला) ले सल्लाघारी क्षेत्रका बासिन्दाहरू पहिले बाजाका लागि पुरानो सहरमा परनिर्भर हुनुपर्ने बाध्यता चिर्दै अहिले आफ्नै ठाउँमा गोलबद्ध भएर संस्कृति बचाउन सफल भएकोमा खुसी व्यक्त गर्नुभयो ।

वडा सदस्य सूर्यप्रसाद श्रेष्ठले नगरपालिकाको सांस्कृतिक नीतिलाई धिमे खलःले सार्थक बनाएकोमा धन्यवाद दिनुभयो भने खलका सल्लाहकार पुण्यराम बाइजुले स्वागत मन्तव्य राख्नुभएको थियो । संस्थाका अध्यक्ष सरोज वैद्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कृष्णगोविन्द मुलगुथीले पनि बोल्नुभएको थियो ।

# करका नियम पालना गरी जरिवानाबाट बच्न आग्रह

भक्तपुर, १ फागुन । आन्तरिक राजस्व कार्यालय भक्तपुरका प्रमुख कर अधिकृत उषा पोखरेलले करका नियम पालना नगर्दा जरिवाना तिर्नुपर्ने भएकाले समयमा कर तिर्न आग्रह गर्नुभएको छ ।



भक्तपुर उद्योग वाणिज्य सङ्घको आयोजना तथा आन्तरिक राजस्व कार्यालय भक्तपुरको सहकार्यमा बिहीबार सञ्चालन भएको करसम्बन्धी समस्या र समाधान विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख कर अधिकृत पोखरेलले करदाताबाट जरिवानासहित बढी राजस्व असुल्ने कर कार्यालयको कुनै उद्देश्य नरहेको बताउनुभयो । राज्यलाई कर तिर्नु करदाताको अनिवार्य दायित्व भएकोले दण्ड जरिवानाबाट बच्नको लागि उहाँले उद्योगी व्यवसायीहरूसँग आग्रह गर्नुभयो ।

ऐनले तोकेका परिधिभित्र रहेर करदाताहरूले आफ्नो जिम्मेवारी पूरा गरेमा विभिन्न छुटका सुविधाहरू रहेको भन्दै उहाँले छुट सुविधाहरू सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो । कर कानुनको कार्यान्वयन गराउने निकाय कर कार्यालय भएकोले ऐन नियम पालना नगरेमा नियअनुसार दण्ड जरिवाना लाग्ने उहाँको भनाइ छ । जिल्लाका उद्योगी व्यवसायीहरूलाई भक्तपुर उद्योग वाणिज्य सङ्घले करका बारेमा सुसूचित गराउन निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै उहाँले आगामी दिनमा सङ्घसँग सहकार्य गरी करसँग सम्बन्धित विविध कार्यक्रम गर्ने बताउनुभयो ।

सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले राज्यलाई कर तिर्नु करदाताको दायित्व रहेको भन्दै कर नतिरे जोकोही पनि कानुनअनुसार भागिदार हुनुपर्ने भएकोले सचेत हुनुपर्ने बताउनुभयो । उहाँले राज्यलाई कर तिर्नु नागरिकको दायित्व र जिम्मेवारी भए पनि नागरिकलाई कर तिर्नुपर्छ भन्ने महसुस गराउने दायित्व राज्यको हुने स्पष्ट पार्नुभयो ।

भक्तपुर उद्योग वाणिज्य सङ्घले जिल्लाका करदाताहरूलाई करसँग सम्बन्धित विविध सूचनाहरू दिँदै आएको भन्दै उहाँले उद्योगी व्यवसायीहरूले कर भुक्तानी गर्ने बेलामा भोगिरहेका समस्यालाई सरल, सहज बनाउन न्यायशील र प्रगतिशील कर प्रणाली लागू हुनुपर्नेमा जोड दिनुभयो ।

सङ्घका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद प्रजापति, कार्यसमिति सदस्य सन्तोषकुमार मिश्रलगायतले कर कार्यालय र करदाताबिच समधुर सम्बन्ध हुनुपर्ने धारणा राख्दै कर प्रशासन मितव्ययी हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय भक्तपुरका कर अधिकृत राजेन्द्र कोइरालाले कर सम्बन्धी विविध विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

सङ्घका सचिव गौतम सुजखूले कार्यक्रमको उद्देश्यबारे चर्चा गर्नुभयो ।

# शैक्षिक योग्यताका साथै व्यावहारिक र सीप पनि आवश्यक




भक्तपुर, १ फागुन । वागीश्वरी कलेज, कमलविनायकमा सञ्चालित तीनमहिने (५० घण्टे) लेखा प्राविधिक तालिम आज सम्पन्न गरिएको छ । भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनील प्रजापतिको प्रमुख आतिथ्यमा भएको उक्त तालिम समापन कार्यक्रममा उहाँले उच्च शैक्षिक योग्यताका साथै व्यावहारिक र व्यावसायिक सीप पनि हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, “शैक्षिक योग्यता भएर पनि हातमा कुनै सीप नभएकाहरू बेरोजगार भएर बसेका धेरै उदाहरणहरू छन् । उच्च शैक्षिक योग्यता नभएर पनि हातमा सीप भएकाहरूलाई कहिल्यै फुर्सद हुँदैन । त्यसैले कलेजले शैक्षिक योग्यतासँग व्यावसायिक दक्षताको सीप प्रदान गर्न यस्तो तालिमको व्यवस्था गरेको हो ।”

उहाँले कक्षामा पढाउँदा वा यस्तो तालिम दिँदा सबैलाई समान ढङ्गले पढाए वा सिकाए पनि विद्यार्थीको फरक फरक गुणले नतिजा फरकफरक आउने चर्चा गर्दै उत्कृष्टताको लागि सबैले आफ्नो मौलिकता प्रदर्शन गर्ने सोच आवश्यक हुन्छ भन्नुभयो ।

वागीश्वरी कलेजको मौलिकता समाजको लागि सीपयुक्त जनशक्ति उत्पादन गर्ने हो भन्दै उहाँले विद्यार्थीहरू सांस्कारिक र व्यावहारिक हुनुपर्ने दृष्टान्तहरू दिनुभयो ।

व्यापारीकरणले शिक्षा महँगो भएको वर्तमानमा वागीश्वरी कलेजले सस्तोमा स्तरीय शिक्षा प्रदान गरिरहेको कुरा स्वयं विद्यार्थीहरू साक्षी भएको उल्लेख गर्दै उहाँले ठुला र महँगा कलेजहरू पनि वागीश्वरीको अवलोकन गर्न आएबाट यसको गुणस्तरीयता पुष्टि हुन्छ भन्नुभयो ।

विद्यार्थीले आर्जन गरेको योग्यता र सीप देश र जनताको सेवामा लगाउनुपर्ने सुझाव दिँदै उहाँले कुनै पनि विद्यार्थीलाई अनुशासन र दृढ इच्छाशक्तिसहितको निरन्तर प्रयासले सफलतामा पुऱ्याउने विचार व्यक्त गर्नुभयो ।

हाल वागीश्वरी कलेजमा ५९ जिल्लाका विद्यार्थीहरू अध्ययनरत रहेको बताउँदै उहाँले युवा विद्यार्थीहरू विचारविनाको भीड बन्यो भने त्यो अराजक बन्ने खतरा हुन्छ भनी सचेत पार्नुभयो । उहाँले भन्नुभयो, “सही नेतृत्व र नीतिले मात्र देश बन्छ; लहलहैमा लाग्नुहुदैन ।”

कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले कोर्सको सैद्धान्तिक पक्षलाई व्यावहारिक बनाउन कलेजले दिएको लेखा प्राविधिक तालिम अत्यन्त सान्दर्भिक र विद्यार्थीको लागि उपयोगी हुने बताउँदै विद्यार्थीले यसलाई महत्त्वपूर्ण पुँजीको रूपमा उपयोग गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा कलेजका संयोजक ज्ञानसागर प्रजापतिले विद्यार्थीको योग्यता र क्षमता नै कलेजको शक्ति हो भन्दै विद्यार्थीको त्यही शक्तिको आधारमा कलेजले क्यूएए प्राप्त गरेको बताउनुभयो ।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा मानविकी सङ्कायका इन्चार्ज राजन फेलुले स्वागत मन्तव्य राख्नुभएको थियो भने अर्थशास्त्र विषयका शिक्षक मीरा प्रजापति, प्रशिक्षक आशिष साखकर्मी र प्रशिक्षार्थीहरूमध्येबाट रामकुमार बस्नेतले तीन महिनाको तालिमको अनुभव बताउनुभएको थियो ।

सफल प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

# वाग्मती नदीले माटो काट्दा टौदह र किनारका बस्ती जोखिममा

कीर्तिपुर (काठमाडौँ), १ फागुन । वाग्मती नदीले धार परिवर्तन गरी पश्चिमतर्फ कटान गर्न थालेपछि कीर्तिपुर नगरपालिका-६ मा रहेको टौदह र आसपासका बस्ती जोखिममा परेका छन् ।

वाग्मती नदी टौदहको पूर्वतर्फ सतहभन्दा तल्लो भागमबाट बहन्छ । विगत दुई वर्षदेखि नदीले धार परिवर्तन गरी पश्चिमी किनाराको माटो र टौदह मुनीको माटो कटान गर्न थालेको छ । कटान सुरु भएपछि टौदहमा जमेको पानी पूर्वतर्फको ओरालो भागमा रसाउन थालेको छ ।

केही वर्ष अघिसम्म वाग्मती किनारमा रहेका चौर र बाटोसमेत कटानमा परेपछि टौदहको पूर्व र दक्षिणतर्फ लामो सयमदेखि बस्दै आएका करिब ८० घर परिवार जोखिममा परेका छन् ।

सन् २००४ देखि निरन्तर कटान गर्दै आएको बागमतिले केही वर्ष यता थप कटान गर्न थालेको छ । स्थानीय मिलन खड्का समयमै संरक्षण नगरिएमा प्राकृतिक जलसम्पदाका रूपमा रहेको टौदह समस्यामा पर्ने बताउनुहुन्छ । “टौदहको पूर्वतर्फका कान्लाहरूमा पानी चुहिन थालेको छ, समयमै केही नगर्ने हो भने टौदहको अस्तित्व नै सङ्कटमा पर्ने देखिन्छ,” उहाँले भन्नुभयो ।

वाग्मती नदीको पारीपट्टी ललितपुर महानगरपालिकाले पर्खाल लगाएपछि बागमतिले पश्चिम किनारमा मात्र एकोहोरो कटान गरिरहेको उहाँको भनाइ छ । यसका साथै पश्चिमतर्फ पनि कीर्तिपुर नगरपालिका-४ स्थित दूधपोखरी क्षेत्रबाट बगेर आउने खहरे खोलाले कटान गर्दै लगेको छ । खोलाको दक्षिणतर्फ दक्षिणकाली नगरपालिकाले संरक्षण पर्खाल लगाउने तर कीर्तिपुर नगरपालिकाका तर्फबाट त्यसको पहल नगर्दा कटान रोकथाम नभएको स्थानीय अञ्जिल खड्काले बताउनुभयो ।

**रेखाङ्कन र सीमाङ्कनको समस्या**

विभिन्न निकायले वाग्मती नदीको कटानबाट टौदह र आसपासको बस्तीलाई जोगाउन तटबन्ध, टेवा पर्खालका लागि बजेट छुट्याउने गरेका छन् । तर, वाग्मती नदीको सीमा कहाँसम्म हो भन्ने यकिन नहुँदा बजेट कार्यान्वयन हुन नसकेको स्थानीय खड्काको भनाइ छ । “पटक-पटक वाग्मती सभ्यतासँग गएर सीमाङ्कन गरिदिन भनेका छौँ, तर आजसम्म भएन, सीमाङ्कन नभएका कारण निर्माण व्यवसायीले काम सुरु गर्न नसकेको अवस्था छ,” उहाँले भन्नुभयो ।

***रासस***

सङ्क्षिप्त समाचार

# मुलुकलाई लयमा फर्काउने एकमात्र माध्यम निर्वाचन

काठमाडौँ, १ फागुन । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मुलुकलाई लयमा फर्काउने एकमात्र माध्यम निर्वाचन भएको बताउनुभएको छ । सामुदायिक रेडियो प्रसारक सङ्घले १५ औँ विश्व रेडियो दिवसका अवसरमा शुक्रबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि लय र अनुशासनबाट बाहिरिएको मुलुकलाई लयमा फर्काउन आयोगले निष्ठापूर्वक निर्वाचन सम्पन्न गर्न काम गरिरहेको बताउनुभयो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्वाचन सम्पन्न गराउन रेडियोकर्मीलगायत आमसञ्चारकर्मीको महत्त्वपूर्ण भूमिका रहेकाले सोहीअनुसार सहयोग गर्न आह्वान गर्नुभयो । उहाँले सामाजिक सञ्जालबाट गलत, भ्रामक र हानिकारक सूचना फैलाएर निर्वाचन बिथोल्न खोज्ने प्रयास पनि भइरहेकाले सामुदायिक रेडियोहरूले जागरण एवं चेतना फैलाउनुपर्नेमा जोड दिनुभयो ।

"सामाजिक सञ्जालबाट प्रवाह हुने गलत, भ्रामक र हानिकारक सूचना रोक्न टिकटकसँग समझदारी भइसकेको छ, मेटासँग पनि सम्झौता हुने क्रममा छ । यस्ता सूचनाको सत्यतथ्य के हो भन्ने परीक्षण गर्न देशभित्रका अन्य मिडियासँग पनि सम्झौता भएको छ," कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो ।

कार्यक्रममा सङ्घले रेडियोकर्मीका लागि बनाएको निर्वाचन आचारसंहिता वाचन गरेर सुनाइएको थियो । सङ्घले जारी गरेको आचारसंहिता र निर्वाचन आचारसंहिताबारे पनि सबै सामुदायिक रेडियोबाट जानकारी गराई जागरण फैलाउन सहयोग गर्न पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले आग्रह गर्नुभएको थियो । *रासस*

# खगोल विज्ञान ओलम्पियाड राष्ट्रिय चरणमा प्रवेश

काठमाडौँ, १ फागुन । नेपाल एस्ट्रोनोमिकल सोसाइटी १३ औँ राष्ट्रिय खगोल विज्ञान ओलम्पियाड २०२६ को दोस्रो चरणमा प्रवेश गरेको छ ।

प्रतियोगिताबाट उत्कृष्ट विद्यार्थी छनोट गरी अन्तर्राष्ट्रिय खगोल तथा खगोल भौतिक ओलम्पियाडका लागि नेपालको टोली तयार गरिनेछ ।

सोसाइटीका अनुसार प्रथम चरण (प्रदेशस्तरीय) परीक्षाको नतिजाबाट छनोट भई प्रतियोगिता दोस्रो चरणमा प्रवेश गरेको हो । सात प्रदेशका मोरङ, धनुषा, काठमाडौँ, कास्की, रूपन्देही, सुर्खेत र कैलालीमा प्रतियोगिता सञ्चालन गरिएका थिए । कोशी प्रदेश (सिनियर) तर्फ शिक्षादीप बोर्डिङ सेकेन्डरी स्कूलका सिद्धान्त पराजुली प्रथम भएका छन् भने जुनियर समूहमा बाल कल्याण विद्या मन्दिरका शहवाज आलम शीर्ष स्थानमा छन् । मधेस प्रदेशमा सिनियर समूहबाट ज्ञानदा एकेडेमीका गौरव गुप्ता पहिलो र बाग्मती प्रदेशबाट सबैभन्दा बढी विद्यार्थी राष्ट्रिय चरणका लागि छनोट भएका छन् ।

यहाँ सिनियर समूहमा काठमाडौँ मोडल स्कूल, ललितपुरका आर्यन खड्का र जुनियर समूहमा काठमाडौँ प्रज्ञाकुञ्ज स्कूलका सम्पन्न दाहाल प्रथम भएका छन् । यसैगरी, गण्डकी प्रदेशमा सिनियरतर्फ मदरल्यान्ड सेकेन्डरी स्कूलका शश्वत रेग्मी, लुम्बिनी प्रदेशमा बिहान न्यौपाने, कर्णाली प्रदेशमा नमुना शाह, तथा सुदूरपश्चिम प्रदेशमा प्रशुद पन्तले सिनियर समूहमा पहिलो स्थान हासिल गरेका छन् ।

सोसाइटीले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट राष्ट्रियस्तरको ओलम्पियाडको मान्यता पाएको छ । *रासस*



**संयुक्त गस्तीमा सुरक्षाकर्मी :** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षाका लागि शुक्रबार दाङको घोराही क्षेत्रमा संयुक्त गस्ती गर्दै नेपाली सेना र सशस्त्र प्रहरी । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

# विश्व रेडियो दिवस शुक्रबार मनाइयो

काठमाडौँ, १ फागुन । शुक्रबार विश्व रेडियो दिवस हो । रेडियो, सञ्चार विज्ञ तथा प्रसारकहरूको सहभागितामा विश्वका विभिन्न देशमा आज विविध कार्यक्रमका साथ यो दिवस मनाइँदै छ ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन ( युनेस्को) को अगुवाइमा सन् २०१२ देखि यो दिवस मनाउन प्रारम्भ भएको हो । सन् १९४६ मा राष्ट्रसङ्घीय रेडियो सेवा स्थापना भएको दिनको स्मरणमा यो दिवस मनाउन थालिएको हो । युनेस्कोले पाँचै महादेशमा 'डिजिटल' प्रसारणमार्फत शैक्षिक सामग्री स्रोतासमक्ष प्रस्तुत गर्ने बताएको छ ।

युनेस्कोका अनुसार सञ्चार माध्यमका रूपमा रेडियोको महत्त्वबारे जनचेतना अभिवृद्धिका साथै निर्णयकर्ताहरूलाई सूचना पहुँच सुनिश्चित गर्न तथा रेडियोको उपयोग प्रोत्साहित गर्न एवं विश्वभरका प्रसारकहरूबिच अन्तर्राष्ट्रिय सहकार्य सुदृढ तुल्याउनु यो दिवसको उद्देश्य हो ।

मानव समाजको विविधतालाई उत्सवका रूपमा मनाउने सशक्त माध्यमका रूपमा रेडियोलाई लिइन्छ । लोकतान्त्रिक संवादका लागि रेडियो महत्त्वपूर्ण मञ्चका रूपमा स्थापित छ । विश्वस्तरमा अझै पनि सबैभन्दा धेरै सुनिने सञ्चार माध्यमका रूपमा रेडियो रहेको छ ।

व्यापक श्रोतासम्म पुग्ने यसको विशिष्ट क्षमताले समाजमा विविधताको अनुभूति निर्माण गर्न, सबै आवाजलाई बोल्ने, प्रतिनिधित्व हुने र सुन्ने अवसर प्रदान गर्ने सार्वजनिक चौतारीका रूपमा रेडियोले काम गरेको छ ।

रेडियो 'स्टेसन' हरूले विविध समुदायलाई सेवा पुऱ्याउँदै विभिन्न कार्यक्रम, दृष्टिकोण र सामग्री प्रस्तुत गर्नुपर्ने तथा आफ्ना संरचना र सञ्चालनमा पनि श्रोताको विविधता प्रतिबिम्बित गर्नुपर्नेमा युनेस्कोले जोड दिएको छ ।

कम लागतमा सञ्चालन गर्न सकिने माध्यम भएकाले रेडियो दुर्गम क्षेत्र तथा जोखिममा रहेका समुदायसम्म पुग्न विशेष रेडियो उपयुक्त मानिन्छ । यसले शैक्षिक स्तरको भेदभाव नगरी सार्वजनिक बहसमा सहभागी हुन समान अवसर प्रदान गर्दछ । आपत्कालीन सूचना प्रवाह र विपद् उद्धारका सन्दर्भमा समेत रेडियोको भूमिका महत्त्वपूर्ण छ ।

समुदायलाई एकताबद्ध गर्दै सकारात्मक परिवर्तनका लागि संवाद प्रवर्द्धन गर्न रेडियो अद्वितीय रूपमा सक्षम रहेको त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका उपप्राध्यापक श्रीराम पौडेल बताउनुहुन्छ । श्रोताको आवश्यकतालाई सुन्दै तदनुसार सामग्री प्रस्तुत गर्दा साझा चुनौतीहरूको समाधानका लागि आवश्यक विविध दृष्टिकोण र आवाज सुनिश्चित गर्न रेडियो सेवाले सहयोग पुऱ्याउने उहाँको कथन छ ।

यसै अवसरमा जारी गर्नुभएको सन्देशमा युनेस्कोका महानिर्देशक खालेद एल-एनानीले कृत्रिम बौद्धिकता (एआई) को प्रयोग जनहितका लागि उपयोगी हुनेगरी हुनुपर्नेमा जोड दिँदै रेडियोले इमानदारीका साथ सूचना दिन, सहानुभूतिका समुदायलाई साथ जोड्न अधिकतम कार्य गर्नुपर्ने बताउनुभएको छ ।

विश्व रेडियो दिवसका अवसरमा विभिन्न रेडियो स्टेसन तथा प्रसारकहरूले विशेष कार्यक्रम, विचारमञ्च, प्रतियोगिता, कथा सङ्ग्रह तथा जनचेतनामूलक गतिविधि सञ्चालन गर्ने युनेस्कोले जनाएको छ ।

त्यसैगरी, केही अफ्रिकी राष्ट्रमा सांस्कृतिक कार्यक्रम, अन्तरक्रिया तथा चलचित्र प्रदर्शन गरिने छ भने रेडियोको भविष्य र एआईको प्रभावबारे पनि छलफल गरिने जनाइएको छ । *रासस*

# माघ मसान्तसम्म ४० प्रतिशत बजेट खर्च

## विकास खर्च १५ प्रतिशतमा खुम्चियो

काठमाडौँ, १ फागुन । चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार यो अवधिमा सरकारको आम्दानी वार्षिक लक्ष्यको ४४ र खर्च ४० प्रतिशतमा खुम्चिएको छ ।

चालु आवका लागि कूल रु. १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट विनियोजन गरिएकोमा माघ मसान्तसम्ममा रु. आठ खर्ब एक अर्ब ३७ करोड ४९ लाख खर्च भएको छ । यस वार्षिक विनियोजनको ४० दशमलव ८ प्रतिशत बराबर हो । चालुगत शीर्षकमा यस वर्ष रु. ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ४७ दशमलव ६२ प्रतिशत अर्थात् रु. पाँच खर्ब ६२ अर्ब २७ करोड १५ लाख बराबर खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु. चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा १५ दशमलव ६२ प्रतिशत अर्थात् रु. ६३ अर्ब ७२ करोड ९९ लाख खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकको माघ मसान्तसम्मको खर्च ४६ दशमलव ७१ प्रतिशत छ । यो शीर्षकमा रु. तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन भएकोमा रु. एक खर्ब ७५ अर्ब २७ करोड ३५ लाख खर्च भएको छ ।

यस आवका लागि सरकारले रु. १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा माघ मसान्तसम्ममा ४४ दशमलव ४९ प्रतिशत प्रगति भएको छ । हालसम्ममा रु. छ खर्ब ८२ अर्ब १६ करोड ७३ लाख बराबर राजस्व उठेको छ । कर राजस्वतर्फ वार्षिक लक्ष्यको ४५ दशमलव २१ प्रतिशत अर्थात् रु. पाँच खर्ब ९९ अर्ब ३१ करोड ४६ लाख र गैरकर राजस्वतर्फ वार्षिक लक्ष्यको ४२ दशमलव ५५ अर्थात् रु. ६५ अर्ब ७१ करोड तीन लाख बराबर असुली भएको छ ।

चालु आवमा रु. ५३ अर्ब ४४ करोड ६९ लाख बराबरको वैदेशिक अनुदान लिने सरकारी लक्ष्य थियो । माघ मसान्तसम्ममा रु. १२ अर्ब ८३ करोड ९७ लाख बराबर अर्थात् वार्षिक लक्ष्यको २४ दशमलव ०२ प्रतिशत प्राप्त भएको कार्यालयले जनाएको छ । *रासस*

# निर्वाचन आचारसंहिता पालना गर्न आग्रह

रसुवा, १ फागुन । जिल्ला प्रशासन कार्यालयले निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गराउने कार्यमा सहयोग गर्न सञ्चारकर्मीसँग आग्रह गरेको छ । निर्वाचनका सन्दर्भमा बिहीबार आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले निर्वाचन लोकतन्त्रको महत्त्वपूर्ण अभ्यास भएकाले यसलाई स्वच्छ, पारदर्शी र विवादरहित बनाउन सञ्चारकर्मीको भूमिका अत्यन्त महत्त्वपूर्ण रहने बताउनुभयो ।

उहाँले पत्रकारिता क्षेत्रलाई समाजको 'चौथो अङ्ग' का रूपमा उल्लेख गर्दै निर्वाचन आचारसंहिता उल्लङ्घनका घटना देखिए, सुने वा थाहा पाए तुरुन्त जिल्ला प्रशासन कार्यालय वा तोकिएका अनुगमन अधिकृतलाई जानकारी गराई सहयोग गर्न अनुरोध गर्नुभयो । अनुगमन अधिकृतमा प्रमुख कोष नियन्त्रक सन्ध्या कार्की र सहायक प्रजिअ द्रुवप्रसाद अधिकारी रहनुभएको छ ।

प्रजिअ पन्थीका अनुसार निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धानलगायत सुरक्षा निकाय परिचालन भइसकेका छन् ।

निर्वाचनका लागि भर्ना गरिएका अस्थायी निर्वाचन प्रहरीलाई आवश्यक सुरक्षा तथा कानुनी प्रशिक्षण प्रदान गरी नियमित सुरक्षा संयन्त्रसँगको निर्देशन एवं समन्वयमा काम गर्न खटाइसकिएको जानकारी दिँदै प्रजिअ पन्थीले जिल्लाको सुरक्षा व्यवस्था मजबुत बनाइएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "मतदाता सबैले निर्धक्क र निडर भएर मतदान गर्नसक्ने वातावरण सुनिश्चित गरिएको छ ।"

उहाँले दैनिक रूपमा गस्ती तथा पेट्रोलिङ कार्य भइरहेको र संवेदनशील क्षेत्रको विशेष निगरानी बढाइएको पनि जानकारी दिनुभयो । निर्वाचनको समयमा सरकारी स्रोतसाधन दुरुपयोग हुन नदिन प्रशासन सचेत रहेको उल्लेख गर्दै उनले सुरक्षा कार्यबाहेक अन्य प्रयोजनका लागि कुनै पनि सरकारी सवारीसाधन प्रयोग गर्न नपाइने स्पष्ट पार्नुभयो ।

यदि यस्ता सवारी निजी काममा प्रयोग भइरहेको भेटिएमा तत्काल प्रशासनलाई सूचना दिन उहाँले पत्रकार तथा सर्वसाधारणलाई अनुरोध गर्नुभयो ।

निर्वाचन आचारसंहिताविपरीत कुनै पनि जनप्रतिनिधिले आफू निर्वाचित भएको पालिका क्षेत्रभित्र कुनै दल वा स्वतन्त्र उम्मेदवारका पक्षमा प्रचारप्रसार गर्न नपाउने प्रावधान रहेको उल्लेख गर्दै प्रजिअ पन्थीले त्यस्ता गतिविधि रोक्न सञ्चारमाध्यमको निगरानी अपरिहार्य हुने बताउँदै निष्पक्ष सूचना प्रवाह र सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्न पत्रकारहरूलाई आग्रह गर्नुभयो ।

यस्तै, यही फागुन ३ गतेदेखि १७ गतेसम्म जिल्लाभर मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुने कार्यतालिका तयार भइसकेको जानकारी दिँदै उक्त अभियान सफल बनाउन सञ्चारकर्मीको सक्रिय सहभागिता आवश्यक छ भन्नुभयो ।

मतदाता शिक्षा कार्यक्रममार्फत मतदान प्रक्रियामा मतपत्रको प्रयोग, मतदान केन्द्रमा आचारसंहितालगायत विषयमा जनचेतना दिइनेछ ।

कार्यक्रममा निर्वाचनमा खटाइने कर्मचारीको नामावली पनि तयार भइसकेको जनाइएको छ । प्रजिअ पन्थीले ट्रेड युनियनमा आबद्ध कर्मचारीलाई निर्वाचन कार्यमा नखटाइने नीति स्पष्ट पार्दै प्रशासनले तटस्थता र निष्पक्षता कायम राख्न विशेष सावधानी अपनाइरहेको बताइयो ।

अन्तरक्रिया कार्यक्रममा सहभागी पत्रकारहरूले निर्वाचन अवधिमा सूचना प्राप्ति, सुरक्षा समन्वय, समाचार सङ्कलनमा सहजता तथा आचारसंहिता कार्यान्वयनसम्बन्धी विभिन्न जिज्ञासा राखेका थिए । प्रशासनका तर्फबाट ती जिज्ञासाको जवाफ दिँदै आवश्यक सहकार्य र सूचना प्रवाहमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

स्थानीय प्रशासनले निर्वाचनलाई लोकतान्त्रिक उत्सवका रूपमा शान्तिपूर्ण र विश्वसनीय ढङ्गले सम्पन्न गराउन सबै राजनीतिक दल, उम्मेदवार, सुरक्षाकर्मी, कर्मचारी, सञ्चारकर्मी तथा सर्वसाधारण नागरिकको साझा जिम्मेवारी रहेको उल्लेख गर्दै सहकार्य र अनुशासनमा जोड दिएको छ । *रासस*

# पेस्तोलसहित पक्राउ

काठमाडौँ, १ फागुन । चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट एक थान पेस्तोल र त्यसको चार राउण्ड गोलीसहित शुक्रबार एक जना पक्राउ गरेका छन् ।

चितवनबाट काठमाडौँतर्फ आउँदै गरेको बा १९ च ६९० नम्बरको कार तलासी गर्दा उक्त हतियारसहित कीर्तिपुर नगरपालिका-२ का ३० वर्षीय केयुर पुरीलाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । *रासस*

। सम्पादकीय ।

# आश्वासनको पोकोले देश नबन्ने

शासकहरूले देशमा धेरै प्रतिज्ञा गरे, बाचा पूरा गर्ने कसम खाए । सरकारको नेतृत्व गर्ने दलका नेताहरूले नेपाललाई सिङ्गापुर बनाउने कुरा खोके । भ्रष्टाचार गर्दिनँ र गर्न दिन्न भन्ने कुरा पनि नेपाली जनताले सुने । देश समृद्ध बनाएर जनता सुखी बनाउने भन्ने कुरा अहिले पनि सेलाएको छैन । दक्षिण एसियाकै नमुना देश बनाउने, साक्षर देश मात्र होइन वैज्ञानिकहरूको देश बनाउने कुरा पनि चल्यो, चलाइयो । देशमा भ्रष्टाचारशून्य बनाउने, कहीँ कतै अशान्त ननिम्त्याउने, सुरक्षित बनाउने, खाने, बस्नेको समस्या नहुने, भोकै र औषधि उपचार गर्न नपाइकन मर्नु नपर्ने व्यवस्था मिलाउने पनि सञ्चारमाध्यममा आयो । केही वर्षभित्रै देशलाई आत्मनिर्भर बनाउने, काममामको सुनिश्चित गर्ने, सुशासन ल्याउने, विभेद नगर्ने, समानता ल्याउने आदि कुरा फलाकियो । सुन्दा नै हाइसञ्चो हुने खालको यस्तो कुरा उनीहरूले जनतामाझ पस्के । तर, आखिर जनताले के पाए ? के राहत पाएको अनुभूति गरे ? सरकारको नेतृत्व गरिसकेका दल र दलका नेताहरूलाई नेपाली जनताले यही प्रश्न गर्दै छन् ।

शासकहरूले देशमा बिगार्ने, अराजकता र उच्छृङ्खल गतिविधि निम्त्याउने, उद्योग-कारखाना डुबाएर, घाटामा पारेर डुबाउने र विदेशी सामान आयात गरेर देशको राजस्व विदेश पुऱ्याउने काम गरे । सरकारहरूले कारखाना तथा संस्थानहरू घाटामा पारे, डुबाए । करेन्टबाट सस्तो भाडामा चल्ने ट्रलिबस सेवासमेत बन्द गरियो । कुनै प्रदूषण नहुने ट्रलिबस सेवा कसले किन बन्द गरियो ? यसका दोषी को हुन् । करेन्टबाट चल्ने गाडी सञ्चालनको माग बढिरहेको बेला ट्रलिबस सेवा बन्द गरियो । भएका उद्योग र कलकारखाना बन्द गर्ने सरकारले आधारभूत आवश्यकता पूर्ति गर्न अरू नयाँ नयाँ कलकारखाना खोलेर देशमै स्वरोजगारको व्यवस्था गर्ला ? देशलाई समुन्नत बनाउला ?

देश समुन्नत र विकास भएको नमुना देश होइन बेथितिको थलो बनाइयो । विकासको निम्ति नीति नियम बनाउने संसद् पैसा कमाउने थलो बनाइयो । गरिबमाथि शासन गरेर देशको राजस्वमा रजाइँ गरियो । राजनीतिलाई अकुत सम्पत्ति कमाउने आधार बनाइयो । जनतालाई झुल्याएर, छकाएर बहुमतमाथि अल्पमतले शासन गर्ने व्यवस्थामा भुलाइयो । बहुमतको नाउँमा मनपरी शासन चलाइयो । अधिकांश सरकारी कार्यालयमा घुसबिना काम गरिँदैन । काममा ढिलासुष्टि हुन्छ । रासायनिक मल कारखाना खोल्ने कुरा कता हरायो ? देशको ऐन कानुन बनाउने थलो संसद्मा ठेकेदार, अपराधी, कमिसनखोर, देशकै धनाढ्यहरूको बोलवाला हुन थाल्यो । स्वाधीन देशमा विस्तारवादी र साम्राज्यवादी देशहरूको दबाब बढ्यो । देशका शासकहरू विदेशी शक्ति राष्ट्रको दबाबमा चले । भारतीय पक्षले भूमि अतिक्रमण गरे पनि, दबाब दिए पनि शासकहरूले चुइँक्क बोल्न सकेनन् । यसकारण, यो निर्वाचनमा देश र जनताको पक्षमा सङ्घर्ष गर्ने उम्मेदवारहरूलाई मतदान गरेर निर्वाचित गर्नुपर्छ । संसद्मा देश र जनताको विचार बोक्ने बौद्धिक व्यक्तित्वको खाँचो छ । अबको संसद्मा विचार र बौद्धिक सांसदको अभाव हुन दिनु हुँदैन । यसतर्फ मतदाताले विचार नगरे अहिले भन्दा अझ बढी दुःख पाउनेछन् ।

हाल देशमा विद्यमान रहेका ठुला दल र नयाँ देखिएका दलहरू पनि बहुमत जनताको पक्षमा देखिएका छैनन् । ती दलका नेता र सांसद बन्न बनेका उम्मेदवारहरूले भ्रष्टाचारको फाइल खोल्ने, प्रजातन्त्र बलियो बनाउने, देश समृद्ध बनाउनेबाहेक अरू बोलेका छैनन् । ती नै दलका नेता र उम्मेदवारहरू जिल्ला जिल्लामा अरू दल र दलका उम्मेदवारले पहिले के गरे भनी निहुँ खोजिरहेका छन् । देशमा त्यतिकै चोरी चकारी छ; स्वास्थ्योपचार महँगो छ । सर्वसाधारणले उच्च शिक्षा हासिल गर्ने वातावरण छैन । पसिना काढेर श्रम गरे पनि जीवन जोहो गर्न धौधौ छ । यसरी बेथिति र समस्याको चाङको थुप्रो छ भने देशमा के प्रगति भयो भनेर जनता खुसी हुने ? कुनै विदेशबाट आउने सामान रोकियो भने या कुनै देशले नाकाबन्दी गऱ्यो भने देशमा अभावै अभाव भएर हाहाकार हुन बेर लाग्दैन । त्यसबेला देशको स्थिति के होला ? अतः यो निर्वाचनमा श्रमजीवी जनताले भुलेर, चुकेर, लोभलालचमा फसेर, लहैलहैमा लागेर सामन्त, पुँजीपति, जालीफटाहाहरूकै पछि लागेर मतदान गर्ने होइन । यदि गरियो भने जनताले दुःखबाहेक अरू केही पाउनेछैनन् । यसकारण, यो निर्वाचनमा नेपाली जनता सचेत र चनाखो हुनुपर्छ ।

# इरानमाथिको सम्भाव्य अमेरिकी सैन्य कारबाहीले निम्त्याउने क्षेत्रीय जोखिम

✍ फराह एन जान

संयुक्त राज्य अमेरिका इरानमाथि सम्भावित हमलातर्फ अघि बढिरहेको देखिन्छ । जनवरी २८ मा राष्ट्रपति डोनाल्ड ट्रम्पले इस्लामिक गणतन्त्रलाई आफ्नो धम्की तीव्र पार्दै सुझाव दिए कि यदि तेहरान मागहरूको एउटा सेटमा सहमत भएन भने उनले 'द्रुतगति र हिंसाका साथ' आक्रमण गर्न सक्छन् । यो खतरालाई जोड दिन पेन्टागनले विनाशकारी बमवर्षक र लडाकु जेटसहित विमानवाहक युएसएस अब्राहम लिङ्कनलाई इरानमाथिको प्रहार दूरीभित्रका स्थानमा साऱ्यो ।

अमेरिकी प्रशासनले इरानका नेतालाई राखेका विभिन्न मागमध्ये प्रमुख भनेको देशको युरेनियम संवर्द्धन कार्यक्रमको स्थायी अन्त्य हो । यसले ब्यालिस्टिक क्षेप्यास्त्रहरूको विकासमा सीमितता र हमास, हिजबुल्लाह र हुथीलगायत मध्यपूर्वमा प्रोक्सी समूहलाई तेहरानको समर्थन तोड्न पनि आह्वान गरेको छ ।

ट्रम्पले यस क्षणलाई कमजोर अर्थतन्त्र र जनवरीको सुरूमा देशभर फैलिएको विशाल विरोध प्रदर्शनका कारण कमजोर बनेको इरानलाई निचोड्ने अवसरको रूपमा देखेका छन् । तर, मध्यपूर्वी सुरक्षा राजनीति र अस्त्र प्रसारको एक विद्वानको रूपमा मलाई चिन्ता छ । अहिले कुनै पनि अमेरिकी सैन्य कारबाहीले पछि व्यापक रूपमा अनपेक्षित परिणाम निम्त्याउन सक्छ । यसमा तीव्र विश्वव्यापी आणविक प्रसारको सम्भावना पनि समावेश छ, भलै इरानी सरकार आफ्नो वर्तमान सङ्कटको क्षणबाट बच्न सक्षम होस् वा नहोस् ।



**इरानको सीमा पाठ**

अमेरिकाले सैन्य बल प्रयोग गरे पनि इस्लामिक गणतन्त्रको पतन निश्चित छैन । इरान द्रुत पतनका लागि कमजोर राज्य पनि होइन । नौ करोड ३० लाख जनसङ्ख्या र पर्याप्त राज्य क्षमताको साथ तेहरानमा सङ्कटबाट बच्न निर्मित तहगत जबरजस्ती उपकरण र सुरक्षा संस्था छन् । शासनको हजारौँ सैन्य शाखा र इस्लामिक रिभोलुसनरी गार्ड रहेको अनुमान गरिएको छ । यसले सहायक सेनालाई आदेश दिन्छ वा परिचालन गर्न सक्छ ।

४७ वर्षको शासनपछि इस्लामिक गणतन्त्रका संस्था इरानी समाजमा गहिरो रूपमा गडेका छन् । यसबाहेक, नेतृत्वमा हुने कुनै पनि परिवर्तनले सम्भवतः स्पष्ट धक्का दिनेछैन । अमेरिकी विदेशमन्त्री मार्को रूबियोले जनवरी २८ मा अमेरिकी सदनमा सांसदलाई इरानी सरकार ढल्यो भने के हुन्छ भन्ने 'कुनै सरल उत्तर' नभएको बताए । सत्ताको बागडोर कसले सम्हाल्छ भन्ने केही थाहा हुनेछैन । निर्वासित विपक्षी विभाजनले टुक्राटुक्रा भएको छ, घरेलु वास्तविकताबाट अलग्गिएको छ, यति ठुलो र विभाजित देशलाई शासन गर्ने सङ्गठनात्मक क्षमताको अभाव छ ।

अनि यो अनिश्चिततामा खतरा निहित छ । इरान एक 'थ्रेसहोल्ड राज्य' हो, आणविक हतियार उत्पादन गर्ने प्राविधिक क्षमता भएको तर उत्पादनको अन्तिम रेखा पार गरेको देश । अस्थिर थ्रेसहोल्ड राज्यले तीनवटा जोखिम निम्त्याउँछ, आणविक सामग्री र वैज्ञानिकमाथि केन्द्रीकृत कमान्ड गुमाउनु, गुटहरूलाई विशेषज्ञता निर्यात गर्न प्रोत्साहन गर्नु र पतन हुनुअघि सीमा सुरक्षित गर्न दौडिरहेका अभिनेता ।

इतिहासले चेतावनी दिन्छ । १९९० को दशकको सुरूवातमा सोभियत सङ्घको पतनले आणविक सामग्रीको अवस्थामा चिन्ता उत्पन्न गऱ्यो । यसैबिच पाकिस्तानको आणविक कार्यक्रमको तथाकथित पिता वरिपरि केन्द्रित ए.क्यु खान नेटवर्कको गतिविधिले प्रमाणित गऱ्यो कि विशेषज्ञता यात्रा गर्छ खान नेटवर्क उत्तर कोरियादेखि लिबिया र इरानसम्म यात्रा गऱ्यो ।

**आक्रमणमार्फत सन्देश**

शासन परिवर्तन भए वा नभए पनि कुनै पनि अमेरिकी सैन्य कारबाहीले विश्वव्यापी प्रसारमा गहिरो प्रभाव पार्छ । थ्रेसहोल्ड राज्यको रूपमा इरानको स्थिति रणनीतिक संयमको विकल्प भएको छ । तर, जब जून २०२५ मा इजरायल र अमेरिकाले इरानको आणविक सुविधामा प्रहार गरे, त्यो आक्रमण र पछिल्लो ट्रम्प धम्कीले स्पष्ट सन्देश दिन्छ कि इरानलाई पनि आक्रमणको जोखिम छ ।

आणविक आकाङ्क्षा भएका अन्य राष्ट्रका लागि सन्देश स्पष्ट छ । पश्चिमासँगको सम्बन्ध सामान्यीकरणको बदलामा लिबियाले २००३ मा आफ्नो आणविक कार्यक्रम त्यागेको थियो । तर, आठ वर्षपछि लिबियाली विद्रोहीको समर्थनमा नेटोको हवाई आक्रमणले लामो समयदेखि शक्तिशाली नेता मुहमर गद्दाफीलाई पक्राउपछि हत्या गरेको थियो ।

युक्रेनले १९९४ मा रूस, अमेरिका र बेलायतबाट सुरक्षा आश्वासनका लागि आफ्नो आणविक हतियार त्यागेको थियो । तर, २० वर्षपछि २०१४ मा रूसले २०२२ मा प्रत्यक्ष आक्रमण सुरू गर्नुअघि क्रिमियालाई आफ्नो कब्जामा लियो । अब हामी इरानलाई सूचीमा थप्न सक्छौँ, देशले संयम अपनायो, तैपनि २०२५ मा अमेरिकी बमले आक्रमण गऱ्यो र अब सम्भावित फलो-अप आक्रमणको सामना गरिरहेको छ ।

यहाँ इरानी वरिष्ठ सल्लाहकार मेहदी मोहम्मदीको पाठ बिर्सन सकिँदैन । जनवरी २७ मा सरकारी टिभीमा बोल्दै उनले भने कि वासिङ्गटनको माग 'तेहरानलाई निःशस्त्र बनाएर वासिङ्गटनले चाहेका बेला प्रहार गर्ने हो ।'

यदि इरानी नेतृत्व कुनै पनि अमेरिकी आक्रमणबाट बच्न सफल भयो भने मलाई विश्वास छ, उनीहरूले इरानको हतियार कार्यक्रमलाई लगभग दोब्बर बनाउनेछन् ।

**आईएईएको विश्वसनीयतामा प्रश्न**

कुनै राष्ट्रको आणविक कार्यक्रमलाई नष्ट गर्ने उद्देश्यले अमेरिकी सैन्य धम्की वा हमलाले अन्तर्राष्ट्रिय संरचनालाई पनि कमजोर बनाउँछ । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीले इजरायल र अमेरिकी हमलासम्म डिजाइनअनुसार काम गरिरहेको थियो । इरानमाथि आइएइएको निगरानी निरीक्षण व्यवस्थाले काम गरेको एउटा प्रमाण थियो । सैन्य हमला वा तिनीहरूको विश्वसनीय धम्कीमा निरीक्षकहरूलाई हटाउने, अनुगमन निरन्तरतामा बाधा पुऱ्याउने समावेश छ । यदि नियम पालना गर्दा कुनै सुरक्षा प्रदान गर्दैन भने नियम किन पालना गर्ने ? आईएईएको विश्वसनीयता र आणविक चिन्तालाई कम गर्न अन्तर्राष्ट्रिय कूटनीति र अनुगमनको सम्पूर्ण प्रणालीको विश्वास खतरामा छ ।

**डोमिनो प्रभाव**

आफ्नो आणविक विकल्पको मूल्याङ्कन गर्ने हरेक राष्ट्रले अमेरिका र इरानबिचको यो पछिल्लो गतिरोध कसरी अन्त्य हुन्छ भनेर हेरिरहेका छन् । इरानको क्षेत्रीय प्रतिद्वन्द्वी साउदी अरेबियाले आफ्नो आणविक महत्त्वाकाङ्क्षाबारे कुनै गोप्य कुरा राखेको छैन, युवराज मोहम्मद बिन सलमानले सार्वजनिक रूपमा घोषणा गरेका छन् कि यदि इरानले आणविक हतियार बनाएमा साउदीले पनि बनाउनेछ ।

तैपनि, इरानमाथि अमेरिकी हमलाले वासिङ्गटनका खाडी सहयोगीलाई आश्वस्त पार्नेछैन । बरू, यसले उनीहरूलाई अस्थिर बनाउन सक्छ । जून २०२५ मा इरानमाथि अमेरिकी हमला साउदी अरेबिया वा इरानलाई होइन, इजरायललाई बचाउन गरिएको थियो । खाडी नेताहरूले निष्कर्ष निकाल्न सक्छन् कि अमेरिकी सैन्य कारबाहीको प्रवाह उनीहरूलाई नभई अमेरिकी छनोटका देशलाई मात्र हुनेछ ।

उदाहरणका लागि, आणविक शक्ति सम्पन्न पाकिस्तानसँग साउदी अरेबियाको बढ्दो रक्षा सहयोगले अमेरिकी अविश्वसनीयता र क्षेत्रीय अस्थिरताविरूद्धको बचावको प्रतिनिधित्व गर्छ । खाडी राज्यले पाकिस्तानी सैन्य क्षमतामा ठुलो लगानी गरेको छ ।

यसैबिच, टर्की नेटोको आणविक व्यवस्थाबाट चिढिएको छ र बारम्बार उसको निष्पक्ष क्षमतामा चासो देखाएको छ । राष्ट्रपति रेसेप तैयप एर्दोगानले २०१९ मा प्रश्न गरेका थिए कि यस क्षेत्रका अरूसँग आणविक हतियार हुँदा टर्कीले किन आणविक हतियार राख्नुहुँदैन ? इरानमाथिको आक्रमण, विशेषगरी टर्कीले विरोध गर्ने आक्रमणले सम्भावित रूपमा गम्भीर स्वदेशी हतियार कार्यक्रमलाई उत्प्रेरित गर्न सक्छ ।

अरब खाडी राजतन्त्रले यी जोखिम निश्चित रूपमा बुझेका छन्, जसले इरानविरूद्ध सैन्य कारबाहीविरूद्ध ट्रम्प प्रशासनलाई पैरवी गर्नुको कारण व्याख्या गर्न केही हदसम्म मद्दत गर्छ ।

अमेरिकी नेतृत्वमा रहेको क्षेत्रीय सुरक्षा संरचना पहिले नै तनावमा छ । यदि खाडी साझेदारले आफ्नो सुरक्षा सम्बन्धलाई विविधीकरण गरे र अमेरिकी अप्रत्याशितताबाट बच्न सके भने यो अझ भड्किने जोखिममा छ । फलस्वरूप, ट्रम्प प्रशासनको धम्की र इरानविरूद्ध सम्भावित हमलाले अमेरिकी प्रभाव बढाउने होइन, बरू क्षेत्र प्रभावका प्रतिस्पर्धात्मक क्षेत्रमा विभाजित हुँदा कम प्रासङ्गिकता निम्त्याउन सक्छ ।

सायद सबैभन्दा डरलाग्दो कुरा मलाई डर छ कि यसले प्रत्येक आकाङ्क्षी आणविक राज्यलाई बम राखेर मात्र सुरक्षा प्राप्त गर्न सकिन्छ भनेर सिकाउन सक्छ ।

*(जान युनिभर्सिटी अफ पेन्सलभेनियामा इन्टरनेसनल रिलेसनकी वरिष्ठ उपप्राध्यापक हुन् ।)*

**- द कन्भर्सेसनबाट**

# भक्तपुरमा आन्दोलन, राजनीति र रूपान्तरण – ४

✍ सुरेश ढकाल, सञ्जीव पोखरेल





**पर्यटन परम्परा र सफाइ**

पर्यटन भनपाको बाऱ्हैमासे स्वतन्त्र आयस्रोत रहिआएको छ । यो स्रोतलाई सरकारले नियन्त्रण र नियमन गर्दैन । पर्यटनबाट आफूले प्राप्त गर्ने आर्थिक लाभका दृष्टिले भनपाले पर्यटकहरूलाई भक्तपुरतर्फ आकर्षित गर्नका लागि हरसम्भव प्रयास गरेको छ । फोहर सहरदेखि सफा सहरमा बदलिएको भक्तपुरको तस्बिर 'पर्यटन' को कारक र परिणाम दुवै हो ।

वास्तुकलाको वैभव१ का कारण भक्तपुरलाई एसियाको रोम पनि भनिन्छ । यसकारण पनि भक्तपुर नेपाल आउने पर्यटकहरूको एक प्रमुख आकर्षणको केन्द्र हुने गरेको छ । खासगरी सांस्कृतिक पर्यटनका लागि आउने पर्यटकहरूले भक्तपुर घुम्छन् । उनीहरूका लागि भक्तपुर नघुमी नहुने स्थान रहिआएको छ । अन्य पर्यटकका लागि पनि यो सांस्कृतिक नगरी एक जीवित सम्पदाको रूपमा उत्तिकै महत्त्वको गन्तव्य बन्ने गरेको छ । भनपाले प्रकाशित गर्ने मासिक पत्रिका 'भक्तपुर' का प्रत्येक अङ्कमा निम्न भनाइ छापिएकै हुन्छ :

"नेपालमा भक्तपुर दरबार स्क्वायरबाहेक अरू केही हुँदैनथ्यो भने पनि यसलाई हेर्न आधा संसारको यात्रा गर्नु सार्थक हुने थियो । वास्तुकला र कलाकारिताका दृष्टिले भक्तपुर अलादिनको गुफा हो । यो वास्तुकारी कल्पनाको क्वाँटी हो; नेवारी कला सम्पदाको भव्य भण्डार हो । दरबार स्क्वायरभित्र मात्रै पनि दर्जनौँ ठुला सङ्ग्रहालयहरू टम्मै पार्न सक्ने प्रचुर काष्ठकला र मूर्तिहरू छन् ।" (इए. पावेल, १९२९ । द लास्ट होम अफ मिस्ट्री । लन्डन ।)

*(टिपोट १ : भनपाभित्र १७२ मन्दिर, ३६ पोखरी र कुण्ड, ७७ ढुङ्गेधारा, १९ मठ, ३७ सत्तल र १५२ इनार छन् । भक्तपुर नगरमा यी सबैको आआफ्नै धार्मिक, सामाजिक र सांस्कृतिक महत्त्व छ ।)*

पर्यटन भनपाको सबैभन्दा ठुलो आयस्रोत हुनु नौलो भएन । २०५३ साउन १ गतेबाट भनपाले पर्यटकहरूबाट सेवा दस्तुर लिन थाल्यो । भनपाले सार्क देशबाहिरका पर्यटकसँग १० डलर र सार्क देशका पर्यटकसँग ५० रूपैँया दस्तुर लिन्छ । आर्थिक वर्ष २०६०/६१ मा भनपाले सार्क देशका पर्यटकहरूबाट जम्मा १७०६२५० रूपैँया दस्तुर लियो भने अन्य पर्यटकबाट जम्मा ६२९८४७७८ रूपैँया सेवा शुल्क लियो । दुवैलाई जोड्दा त्यो वर्ष भनपाले ११९०३९ जना पर्यटकबाट जम्मा ६४६९१०२८ रूपैँया सेवा शुल्क लिएको थियो । यो भनपाका अन्य आयमध्ये ठुलो आय हो । सांस्कृतिक सम्पदा संरक्षणमा जोडबल दिएको हुनाले भनपाले विभिन्न पुरस्कार पनि प्राप्त गरेको छ । युनेस्को (UNESCO) ले भनपालाई 'सन् १९९८-९९ मा एसियाकै प्रथम सम्मानित उल्लेख' को सम्मान दिएको छ भने विश्व सम्पदा सहर ( OWHC) ले 'असल स्थायी सदस्य' को मान्यता दिएको छ ।

अझ महत्त्वको कुरा अर्कै छ । भक्तपुरलाई नेमकिपाको

> *भनपाले हासिल गरेको अनुपम सफलताको उदाहरणले के बताउँछ भने पारदर्शिता र सूचनामा सहज पहुँच सामाजिक परिवर्तनका कुनै पनि कार्यक्रम सफल बनाउने पूर्व सर्तहरू हुन् । यसले आफ्नो मासिक पत्रिका 'भक्तपुर' मा मासिक आयव्यय र खर्च मात्र नभई नगरपरिषद्ले गर्ने हरेक निर्णय प्रकाशित गर्छ । यसैगरी, भनपाले नगरवासीको जीवनसँग सरोकार राख्ने प्रत्येक महत्त्वपूर्ण विषय प्रकाशित गर्छ ।*

फराकिलो विचारधारा र आकाङ्क्षा अनुरूप एक आदर्श नगर बनाउने भनपाको लक्ष्य छ । पर्यटनबाट आउने आम्दानीलाई सोही लक्ष्य पूरा गर्नमा खर्च गरिन्छ । भनपाको कमाइको सबैभन्दा ठुलो हिस्सा पर्यटनबाट आउँछ तर खर्चको ठुलो हिस्सा सरसफाइ र शिक्षाको लागि छुट्याइन्छ ।

भक्तपुरलाई एक सांस्कृतिक नगर बनाउनु भनपाका सदस्यहरूको भिजन वा सपना हो । यसलाई पर्यटकहरूको गन्तव्य बनाउन नगरलाई सफा राख्नुपर्ने हुन्छ । नेमकिपाका सबै नेता-कार्यकर्ताले यही दिशामा पाइला चाल्दै छन् । नेपालका अन्य पर्यटकीय स्थलका स्थानीय सरकारभन्दा फरक भनपा नगरमा सफाइ कायम गर्न सफल छ । यो सफाइ भक्तपुरमा सफल पर्यटन उद्योग प्रवर्द्धन गर्नुको कारण र परिणाम दुवै हो । यसरी सफाइमा भनपाले देखाएको अभिरुचि पर्यटन उद्योगसँग सिधै जोडिएको छ । साथै, यो नगरवासीहरूको सुस्वास्थसँग पनि प्रत्यक्ष जोडिएको छ । देशका अन्य भागको पर्यटन उद्योग र भक्तपुरको पर्यटन उद्योगबिच एउटा तात्त्विक भिन्नता छ । त्यो के भने भक्तपुरले आफ्नो आयलाई स्थानीय जनताको भलाइमा उपयोग गर्न ठोस विधि विकास गरेको छ । सफाइलाई एक यस्तै विधि मान्नुपर्छ भन्ने हाम्रो तर्क छ ।

**निष्कर्ष**

आधुनिकीकरणतर्फ, प्रजातन्त्रतर्फ लक्षित सामाजिक रूपान्तरणको कार्यक्रमले आफ्नो लक्ष्य त्यति बेला मात्र हासिल गर्न सक्छ जब त्यसले सम्बन्धित जनताको सामाजिक, आर्थिक र सांस्कृतिक अनुभवलाई ध्यान दिन्छ । त्यही भएर सामाजिक रूपान्तरणको कार्यक्रम जनताले दैनिक जीवनमा भोग्ने अड्चन र अवसरसँग जोडिएको हुनु अत्यन्त महत्त्वपूर्ण छ (फर्गुसन, १९९४) । यसले जनतालाई सामाजिक परिवर्तनको कर्ता र लाभार्थी दुवै बन्न उत्प्रेरित गर्छ । यसर्थ, 'भुइँतहको सहभागितामूलक प्रजातन्त्र' रैथाने राजनीतिक परम्पराको जगमा निर्माण हुन्छ; यो 'प्रजातन्त्र' स्वयंसेवी र आत्मसघाउ परम्परामा आधारित हुन्छ; यो समुदायको कल्याणका लागि नीति बनाउने र कार्यान्वयन गर्ने कार्यमा समुदायका सम्पूर्ण सदस्यको प्रतिबद्धता र पूर्ण संलग्नतालाई प्रशंसा गर्ने भावनामा आधारित हुन्छ (पाले, २००२: ४७४) । अन्यथा, 'सूक्ष्मता र सार दुवै दृष्टिबाट सहभागितामूलक नभएसम्म प्रजातन्त्र सधैँ अक्करमा परिरहन्छ' (बराल, २००४) ।

भक्तपुरको उदाहरणले यो कुरा छर्लङ्ग पार्छ । पञ्चायतकालमा कम्युनिस्ट कार्यकर्ताहरू जनताको जीवनस्तर सुधार्ने एजेन्डा बोकेर जनताबिच गए । सफाइ अभियान र भूमिसुधार आन्दोलनमा उनीहरूको संलग्नता यसको सबैभन्दा गुरुत्तर उदाहरण हो । २०४६ सालपछि तिनै कम्युनिस्ट कार्यकर्ताहरू सत्तामा आए र स्थानीय सरकार निर्माण गरे । उनीहरूले सफाइ, शिक्षा, स्वास्थ्य, रोजगारीलगायत जनताले जे खोजिरहेका थिए ती सेवा दिन भरसक प्रयत्न गरे ।

> *अन्ततः असल राजनीति र सुशासन पर्यायवाची पदावली हुन्थे भने सुशासनबाट मात्रै विकास सम्भव छ र सुशासनबाट मात्रै असल राजनीति सम्भव छ । सहभागितामूलक राजनीति, जनताप्रतिको जिम्मेवारीबोध र पारदर्शी हुने भावनाबाट मात्रै असल राजनीति र सुशासनको उदय हुनसक्छ । भक्तपुर नगरपालिकाले यसको उदाहरण पेस गरेको छ । असहज लाग्ने तर जवाफ दिनैपर्ने अनेक 'जायज सवालहरू' हुँदाहुँदै पनि भक्तपुरले विशिष्ट उदाहरण पेस गरेको सत्य हो ।*

विचारधारा आफैमा समाज बदल्ने शक्ति हुँदैन । यसको लागि सामाजिक रूपान्तरणको सार मात्र नभई त्यसको बाटो नै तय गर्ने प्रक्रियामा जनताको प्रत्यक्ष संलग्नता चाहिन्छ । जनता के बदल्नुपर्ने हो र कसरी बदल्नुपर्ने हो भनी तय गर्ने प्रक्रियामा सक्रियतापूर्वक सहभागी हुन्छन् भने अपेक्षित सामाजिक परिवर्तन हासिल गर्न गाऱ्हो हुँदैन । नेपालमा थोरै मात्र सामाजिक र आर्थिक रूपान्तरणका कार्यक्रम 'कसरी ती कार्यक्रमलाई आफ्ना लागि फलदायी बनाउन सकिन्छ' भन्ने जनताको आफ्नै बुझाइमा आधारित छन् । भक्तपुर विकास परियोजनाको विफलता यहीनिर थियो । उसले स्थानीय जनताको सहकार्य हासिल गर्न सकेन । विकास र पुनर्निर्माण कार्यक्रमहरूमा स्थानीय जनतालाई सहभागी बनाउन अनिच्छा देखाएकै कारण उसले स्थानीय जनताको मन जित्न सकेन । भनपा यस मानेमा अरूभन्दा फरक छ । आज पनि भनपाले कुनै कार्यक्रमलाई जनताबीच पर्याप्त छलफल र बहसमा लगेपछि; त्यो कार्यक्रमको खाका कसरी कोर्ने र कसरी लागु गर्ने भन्ने विषयमा टुङ्गोमा पुगेपछि मात्र त्यसलाई कार्यान्वयनमा ल्याउँछ ।

भनपाले हासिल गरेको अनुपम सफलताको उदाहरणले के बताउँछ भने पारदर्शिता र सूचनामा सहज पहुँच सामाजिक परिवर्तनका कुनै पनि कार्यक्रम सफल बनाउने पूर्व सर्तहरू हुन् । यसले आफ्नो मासिक पत्रिका 'भक्तपुर' मा मासिक आयव्यय र खर्च मात्र नभई नगरपरिषद्ले गर्ने हरेक निर्णय प्रकाशित गर्छ । यसैगरी, भनपाले नगरवासीको जीवनसँग सरोकार राख्ने प्रत्येक महत्त्वपूर्ण विषय प्रकाशित गर्छ । उदाहरणको लागि, पचपन्ने झ्याले दरबारको पुनर्निर्माण चलिरहेको बेला भनपाले प्रस्तावित भवनको समग्र वास्तुकलात्मक खाका प्रकाशित गरेको थियो । भवन निर्माणको अनुमानित लागत पनि छापेको थियो । हाम्रो विचारमा यो चलनले एउटा रचनात्मक प्रजातान्त्रिक सार्वजनिक माहोल खडा गर्न सघाउ पुगेको छ । त्यो माहोल वा मञ्चमा जनताले आफ्नो स्थानीय सरकारले कसरी काम गर्दै छ र कसरी गर्नुपर्छ भन्ने विषयमा खुला रूपमा चिन्तन र छलफल गर्छन् ।

भनपाको कार्यशैलीको अर्को महत्त्वपूर्ण पक्ष यसको नेतृत्वको ढाँचा हो । भनपाका नेताहरूसँग जनताको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था एवम् तिनको 'ऐतिहासिक संवेदनशीलता' को व्यवहारिक ज्ञान छ *(डनहाम, १९९०)* । उनीहरू जनताका यी अवस्थामा सकारात्मक परिवर्तन ल्याउनका लागि प्रतिबद्ध छन् । नगरपालिकाको नेतृत्वमा किसानहरूलाई संलग्न बनाउने नेमकिपाको नीतिले यस्तो स्वागतयोग्य वातावरण पैदा गर्नमा योगदान गरेको देखिन्छ । भनपाको नेतृत्वमा स्थानीय जनताको सहभागिताले भक्तपुरका सामाजिक परिवर्तन र आर्थिक विकासका कार्यक्रमहरूमा यसका वास्तविक लाभार्थीहरूको सहभागितालाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । *(भनपाका झन्डै ९० प्रतिशत जनप्रतिनिधि तुलनात्मक रूपमा किसान समुदायका छन् । २०५४ सालको स्थानीय तहको निर्वाचनसम्म पनि यही स्थिति थियो ।)* बोलमान र डियल (बराल, २००४ मा उद्धृत भएअनुसार) लाई पछ्याउने हो भने नेतृत्वकला भनेको (सत्ता पक्षले) अरूलाई आफूले चाहेको कुरा मनाउने क्षमता हो; जनतालाई मनाएर गरिनुपर्ने काम गर्न उत्प्रेरित गर्नु हो; भिजन वा सपना हो । यसरी, नेतृत्वकला जनतालाई सशक्त बनाउने एउटा सहजीकरण हो । यस अर्थमा लाग्छ, भनपाका जनप्रतिनिधिहरू र त्यसको मार्गदर्शक पार्टी नेपाल मजदुर किसान पार्टीसँग यी सबै गुण छन् ।

यसप्रकार, भक्तपुरमा फोहर व्यवस्थापनमा मिसिएको 'इतिहास, सत्ता र विचारधारा' (डनहाम, १९९०) बारे हाम्रो अध्ययनले के औँल्याउँछ भने अभिव्यक्ति स्वतन्त्रता, खुला निर्वाचनजस्ता अधिकार कुनै पनि प्रजातन्त्र अन्त्य गर्ने साधन होइनन् । जनताले आफ्नो दैनिक जीवनलाई प्रभावित गर्ने अवस्थाबारे खुला छलफल र विश्लेषण गर्नसक्ने सार्वजनिक मञ्च/माहोललाई सबल बनाएर मात्र प्रजातान्त्रिक वातावरण स्थापना गर्न सकिन्छ । तैपनि, प्रजातन्त्रको सफलता जनताले आफ्नो जीवनस्तरमा आएको पर्याप्त परिवर्तनका आधारमा पहिल्याउँछन् । भनपामा हामी एउटा विशिष्ट परिदृश्य देख्न सक्छौँ । यहाँ अभिव्यक्ति स्वतन्त्रता र खुला निर्वाचनलाई नगर र नगरवासीहरूको प्रगति र समृद्धिका लागि सफलतापूर्वक उपयोग गरिएको छ । प्रजातन्त्रलाई सफल बनाउने सबैभन्दा महत्त्वपूर्ण पूर्वसर्त हामीले माथि चर्चा गरेझैँ सरकारको पारदर्शिता, जनसहभागिता र नेताहरूको प्रतिबद्धता हो । भनपा यी सबै कुरामा धेरै हदसम्म योग्य देखिन्छ ।

जनताले जब आफ्ना दैनिक जीवनसँग जोडिएका समस्या र अवसरबारे छलफल गर्ने मौका पाउँछन्, उनीहरूले आफ्ना समस्या घटाउने र अवसरबाट लाभ लिने उपायहरू पनि पत्ता लगाउन सक्छन् ।

लाग्छ, भनपामा जनताको सक्रिय सहभागिताका पछाडि सबैभन्दा महत्त्वपूर्ण कारणमध्ये एउटा कारण नेमकिपाले सुरु गर्दै बलियो बनाएको लामो राजनीतिक प्रक्रिया हो । हामीले माथि व्याख्या गरेझैँ पञ्चायती शासनविरुद्ध स्थानीय जनतालाई विकास कार्यमा होम्ने नेमकिपाको नीतिले नै सामाजिक रूपान्तरण प्रक्रियामा जनतालाई सहभागी बनाउने पहिलो बीउ रोपेको थियो ।

अन्ततः असल राजनीति र सुशासन पर्यायवाची पदावली हुन्थे भने सुशासनबाट मात्रै विकास सम्भव छ र सुशासनबाट मात्रै असल राजनीति सम्भव छ । सहभागितामूलक राजनीति, जनताप्रतिको जिम्मेवारीबोध र पारदर्शी हुने भावनाबाट मात्रै असल राजनीति र सुशासनको उदय हुनसक्छ । भक्तपुर नगरपालिकाले यसको उदाहरण पेस गरेको छ । असहज लाग्ने तर जवाफ दिनैपर्ने अनेक 'जायज सवालहरू' हुँदाहुँदै पनि भक्तपुरले विशिष्ट उदाहरण पेस गरेको सत्य हो ।

**आभार**

विकासशील समाज अध्ययन केन्द्र (CSDS), दिल्लीले आफ्नो 'दक्षिण एसियामा प्रजातन्त्र' नामक अध्ययन परियोजनाअन्तर्गत हामीलाई यो कार्यपत्र लेख्ने कार्यभार सुम्पेको थियो । यो अध्ययनका निम्ति हामीलाई विश्वास गरेकोमा हामी लोकनीति, CSDS, दिल्ली र NCCS, काठमाडौँप्रति ऋणी छौँ । हामीलाई अमूल्य सूचना र सहयोग प्रदान गर्ने डा. कृष्ण हाछेथु, (NCCS), इद्जिया कारभाल्हो र पिटर रोनाल्ड डिसुजा (CSDS), कामरेड नारायणमान बिजुक्छेँ, चैत्यराज शाक्य, ईश्वर खाइजु, रमिला शिल्पकार, सागर श्रेष्ठ (भक्तपुर) प्रति हामी विशेष धन्यवाद व्यक्त गर्दछौँ । भक्तपुरका धेरै बासिन्दाले हामीसँग अमूल्य विचार र धारणा साट्नुभएको छ । हामी उहाँ सबैलाई धन्यवाद दिन चाहन्छौँ । हाम्रो अनुरोधमा हामीलाई सान्दर्भिक टिप्पणी र सुझाव दिनुहुने अक्सफोर्ड विश्वविद्यालयका डा. डेभिड गेलरनप्रति कृतज्ञ छौँ । यो कार्यपत्रको परिवर्द्धित संस्करण काठमाडौँमा आयोजित अन्तर्राष्ट्रिय गोष्ठीमा प्रस्तुत गरिएको थियो । २००६ डिसेम्बर ११-१३ का दिनमा सम्पन्न उक्त 'बहुसांस्कृतिक विश्वमा समाज विज्ञान' कार्यक्रम 'समाजशास्त्रीय मानवशास्त्रीय समाज नेपाल' (SASON) को आयोजनामा भएको थियो । हाम्रो कार्यपत्रमा टीकाटिप्पणी गर्नुहुने सबैजनाप्रति हामी आभारी छौँ । सबै गल्ती र कमीकमजोरीको पूर्ण जिम्मेवारी हामी लिन्छौँ ।

*(लेखक सुरेश ढकाल र सञ्जीव पोखरेल त्रिभुवन विश्वविद्यालय र नर्वेको बर्गेन विश्वविद्यालयबाट दीक्षित मानवशास्त्री हुन् ।)*

***अनुवाद : सम्यक***

***समाप्त***




बेलायतको राजधानी लन्डनस्थित उच्च अदालतअगाडि प्यालेस्टिनको पक्षमा र प्यालेस्टिन एक्सन समूहको पक्षमा प्रदर्शन गर्दै प्यालेस्टिन समर्थक बेलायतीहरू । बेलायत सरकारले उक्त समूहमाथि आतङ्ककारी समूह घोषणा गरेकोमा न्यायाधीशहरू भिक्टोरिया शार्प, जोनाथन स्विफ्ट र कारेन स्टेइन रहेको इजलासले सरकारको घोषणालाई गैरकानुनी र अमान्य भनी फैसला गरेको छ । *तस्विर : जोनाथन ब्राडी/एपी*

# मध्यपूर्वमा अमेरिकी सैन्य दबाब बढ्दै

तेहरान, १ फागुन (सिन्हवा) । अमेरिकाले दोस्रो विमानवाहक पोत मध्यपूर्वतर्फ पठाएको छ, जसमा विश्वकै ठुलो विमानवाहक पोत 'गेराल्ड आर. फोर्ड' सहित अन्य सहयोगी युद्धपोतहरू पनि समावेश छन् ।

इरानसँग बढ्दै गएको तनाव र त्यसको परमाणु कार्यक्रमबारे पश्चिमी राष्ट्रहरूसँगको कूटनीतिक वार्ता अपेक्षित निष्कर्षमा पुग्न नसकेपछि अमेरिका सैन्य उपस्थिति थप सुदृढ बनाउने दिशामा अघि बढेको देखिएको छ ।

पहिले नै क्षेत्रमै रहेको 'एब्राहम लिन्कन' विमानवाहक पोत र तीन मिसाइल मिलाएर अब दुई अमेरिकी विमानवाहक युद्धपोत समूह एउटै क्षेत्रमा उपस्थित हुनेछन् । यसले क्षेत्रीय सुरक्षा तनाव बढाउने र सम्भावित द्वन्द्वको जोखिम थप्ने अनुमान गरिएको छ ।

इरानले अप्रत्यक्ष वार्ताका प्रयास बाबजुद पश्चिमी दबाबप्रति गहिरो अविश्वास देखाएको छ र आफ्नो राष्ट्रिय सुरक्षा र परमाणु कार्यक्रम बचाउन कडा दृष्टिकोण राखेको छ । यस क्रममा इरानले आफ्ना सैन्य क्षमता प्रदर्शन गर्ने सम्भावना पनि राखेको छ । क्षेत्रीय विश्लेषकहरूले अमेरिकी विमानवाहक पोतको दोहोरो उपस्थिति मध्यपूर्वमा तनावलाई अझ जटिल बनाउने र अन्तर्राष्ट्रिय सुरक्षा परिस्थितिमा दीर्घकालीन प्रभाव पार्ने भनेका छन् ।

यस कदमले क्षेत्रीय शक्ति सन्तुलनलाई पनि असर गर्नेछ । मध्यपूर्वका अन्य राष्ट्रहरूले सुरक्षा रणनीतिमा पुन: मूल्याङ्कन गर्नुपर्ने अवस्था आउन सक्छ, जसले अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्धमा थप दबाब सिर्जना गर्नेछ । साथै, यसले तेल आपूर्ति मार्ग, समुद्री मार्ग र व्यापारिक मार्गको सुरक्षा सुनिश्चित गर्ने पक्षमा पनि प्रभाव पार्न सक्छ ।

विश्लेषकहरूले यो कदमबारे भनेका छन्, "केवल सैन्य रणनीति मात्र नभई राजनीतिक सन्देश पनि हो, जसले इरानसँगको वार्ता प्रक्रिया र क्षेत्रीय शक्ति सन्तुलनमा अमेरिकाको दाबी स्पष्ट गर्ने प्रयास हो ।"

# अफ्रिकी सङ्घको वार्षिक शिखर सम्मेलनमा चुनौतीपूर्ण भूमिका: शक्ति सीमित र प्रभाव कमजोर

आदिस अबाबा, १ फागुन ( एएफपी) । अफ्रिकी सङ्घ (एयु) यस सप्ताहन्तमा इथियोपियामा आफ्नो वार्षिक शिखर सम्मेलन आयोजना गर्दैछ । यद्यपि महादेशभर फैलिएको नरसंहार, विद्रोह र राजनीतिक द्वन्द्वबिच यस सङ्गठनको क्षमता सीमित र प्रभाव कमजोर देखिएको छ । एयु ५५ सदस्य राष्ट्र भएको सङ्गठन हो र यसको वास्तविक कार्यान्वयन क्षमता अधिकांश सदस्य राष्ट्रले हस्तान्तरण नगरेका कारण आर्थिक स्रोत अभाव र कमजोर पूर्वाधारमा छ ।

सन् २००२ मा स्थापना भएको एयुले सन् २०२० र २०२५ मा आफ्नै कोष निर्माण गर्ने अवसर गुमाएको थियो । आज पनि यसको वार्षिक बजेटको ६४ प्रतिशत विदेशी सहयोगमा निर्भर छ । यो समय समयमा कटौती हुँदै आएको छ ।

अध्यक्ष महमुद अली युसुफले सुडान र कङ्गो लोकतान्त्रिक गणतन्त्रदेखि साहेल (अफ्रिकी महादेशको उत्तर-दक्षिण दिशा भएर फैलिएको सुक्खा क्षेत्र वा भू-भाग) सम्मको अनन्त सङ्कटमा 'गहिरो चिन्ता' व्यक्त गर्नुभयो । यद्यपि उहाँले कार्य गर्ने सीमित अवसरका कारण प्रभाव कमजोर रहेको टिप्पणी गर्नुभयो ।

सन् २०२० पछि अफ्रिकामा भएका १० सैन्य कूका घटनामा एयुले आफ्ना नियम उल्लङ्घन गर्न बाध्य भएको छ, जबकि चुनावको धाँधली र हिंसाले बिगारेको प्रक्रिया पनि गहिरो ध्यान प्राप्त गर्न सकेको छैन । युसुफले अक्टोबरमा तान्जानियाको विवादित निर्वाचनमा राष्ट्रपति सामिया सुलुहु हसनलाई बधाई दिनुभएको छ । त्यहाँ प्रमुख विपक्षीहरू प्रतिबन्धित वा जेलमा थिए र प्रदर्शनकारीहरू सुरक्षा बलले मारिएका थिए ।

विश्लेषकहरूका अनुसार एयुका धेरै राष्ट्रपतिहरू अब प्यान-अफ्रिकी महत्त्वाकांक्षाभन्दा आफ्ना आन्तरिक मामिलामा मात्र ध्यान केन्द्रित गर्छन् । सुडान र दक्षिण सुडानबिचको सङ्घर्ष रोक्ने कामजस्ता अत्यन्त संवेदनशील स्थानहरूमा शान्ति कायम राख्ने प्रयासमा ध्यान दिइएको भए पनि एयुको अधिकार सीमित छ । एयुका प्रवक्ता नुर मोहम्मद शेखले भन्नुभयो, "हामीले संवाद र शान्ति प्रयासलाई समर्थन गरेका छौँ, तर सदस्य राष्ट्रहरूले हामीलाई पर्याप्त शक्ति दिन चाहँदैनन् ।"

विश्वका लामो शासन गर्ने गैर-शाही राष्ट्र प्रमुखहरूको प्रभाव एयु विधानसभामा निर्णायक छ । इक्वेटोरियल गिनीका तिओडोरो ओबियाङ न्गुमा ( ४६ वर्ष), क्यामरुनका पल बिया (४४) र युगान्डाका योवेरी मुसेभेनी (४०) लगायतका नेताले एयुको निर्णायक शक्ति कायम राख्नुहुन्छ । गत वर्ष द कन्भर्सेसनका लागि लेखिएको अनुसार, "एयु कमजोर छ किनभने यसका सदस्य राष्ट्रहरूले त्यस्तै चाहन्छन् ।"

यस सप्ताहन्तको शिखर सम्मेलनमा बुरुन्डीका राष्ट्रपति एभारिस्ट नदाइसिमियेको अध्यक्षतामा बैठक हुनेछ । तख्तापलट, द्वन्द्व र अधिकार हननबारे छलफल हुनसक्छ, तर प्रमुख विषय पानी र सरसफाइजस्ता जीवनोपयोगी सेवा हुनेछ, जसले सङ्गठनको प्रतिबद्धता र क्षमताबिचको असमानता उजागर गर्छ ।

# फ्रान्स र स्पेनमा आँधी र वर्षाका कारण जनजीवन प्रभावित

पेरिस, १ फागुन (एएफपी) । फ्रान्स र स्पेनमा आएको शक्तिशाली आँधीबाढीमा तीन जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार पुष्टि गरेका छन् ।

भारी वर्षा र तेज हावाका कारण बिहीबार हवाई जहाज, रेल र डुङ्गा सेवा रद्द हुनुपरेको थियो । फ्रान्सको दक्षिणी भाग, स्पेनको उत्तर र पोर्चुगलका केही क्षेत्रमा यातायातमा अवरोध आएको थियो ।

स्पेनमा एक महिला उद्योगिक गोदामको छाना ढलेर मृत्यु भएकी छन् भने फ्रान्समा एक व्यक्ति आफ्नो बगैंचामा भर्याङबाट खसेर मारिएका छन् । यसअघि फ्रान्समा एक ट्रक चालकको मृत्यु पनि भएको थियो ।

स्पेनमा दर्जनौं मानिस घाइते भएका छन् भने पोर्चुगलमा बाढीले एक पुलको भाग आंशिक रूपमा ढलेको छ ।

फ्रान्सका मौसम पूर्वानुमानकर्ताहरूले आँधी 'असामान्य रूपमा शक्तिशाली' भएको बताएका छन् । फ्रान्सको विद्युत् वितरण कम्पनीले करिब तीन हजार कर्मचारी खटाएर घरघरमा बिजुली पुन: जडान गर्ने काम गरिरहेको छ । कम्पनीका अनुसार, ९ लाख ग्राहकमध्ये करिब ५० प्रतिशतलाई सेवा पुन:स्थापित गरिएको छ ।

कम्पनीका सङ्कट निर्देशक एर्वे च्याम्पेनोइसले भन्नुभयो, "बाढीले मरम्मत कार्य जटिल बनाएको छ । खेतहरू पानीले भरिएका छन् र केही सडकहरू अवरुद्ध छन् ।"

फ्रान्सको दक्षिणी क्षेत्रमा बासिन्दाहरू आँधीको तीव्रताबाट स्तब्ध छन् । पेरपिन्यानकी फूल व्यवसायी इङ्गिडले भन्नुभयो,"मैले यस्ता आँधी पहिले कहिल्यै देखिनँ । मेरो कारमाथि रुख ढल्ने थियो, दुई सेकेन्ड बढी भए हुन्थ्यो ।"

बोर्दो नजिक रोयाल्यान गाउँकी यूजिनी फेरीले भन्नुभयो, "रातभर छाना हल्लिँदै थियो, फोहोरका डब्बा सडकमा घुम्दै थिए - यो पागलपन जस्तो थियो ।"

मौसम पूर्वानुमानकर्ताहरूले भने कि आँधी फ्रान्सबाट पूर्वतिर सरेको भए पनि केही क्षेत्रहरूमा अझै बाढीको चेतावनी जारी रहेको छ ।

# ड्रोन विवादमा प्रजग कोरियाको कडा चेतावनी

सियोल, १ फागुन (एपी) । कोरियाली प्राय:द्वीपमा बढ्दो तनावका बिच प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले कथित दक्षिण कोरियाली ड्रोन उडान दोहोरिए कडा प्रतिआक्रमण गर्ने स्पष्ट चेतावनी दिएको छ । प्रजग कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो जोङले दक्षिण कोरियाको पछिल्लो 'खेद' अभिव्यक्तिलाई विवेकपूर्ण कदम माने पनि भविष्यमा यस्ता गतिविधि नरोके परिणाम गम्भीर हुने सङ्केत गर्नुभएको छ ।

दक्षिण कोरियाली एकीकरण मन्त्री चुङ डोङ-युङले मङ्गलबार कथित नागरिक ड्रोन उडानप्रति 'गहिरो खेद' व्यक्त गर्दै सियोल सरकारले युद्धद्वारा विभाजित दुई राष्ट्रबिच 'आपसी मान्यता र शान्तिपूर्ण सहअस्तित्व' चाहेको बताउनुभएको थियो । उहाँको उक्त अभिव्यक्तिपछि किम यो जोङको प्रतिक्रिया सार्वजनिक भएको हो ।

प्रजग कोरियाले गत महिना दक्षिण कोरियामाथि सेप्टेम्बर र जनवरीमा आफ्नो भू-भागमाथि निगरानी ड्रोन उडाएको आरोप लगाउँदै प्रतिशोधको चेतावनी दिएको थियो । तर दक्षिण कोरियाली सरकारले निर्दिष्ट मितिमा कुनै आधिकारिक ड्रोन सञ्चालन नगरेको दाबी गर्दै आरोप अस्वीकार गरेको छ । यद्यपि, सीमावर्ती क्षेत्रबाट ड्रोन उडाएको आशङ्कामा तीन जना सर्वसाधारणमाथि अनुसन्धान भइरहेको कानुन कार्यान्वयन अधिकारीहरूले बताएका छन् ।

किम यो जोङले चुङको अभिव्यक्तिले 'विवेकपूर्ण व्यवहार' देखाए पनि सरकारी स्तरको औपचारिक र पर्याप्त कदम नभएको टिप्पणी गर्नुभएको छ । उहाँले सियोलले यस्ता गतिविधि रोक्न कडा र ठोस उपाय अवलम्बन गर्नुपर्ने धारणा राख्नुभएको छ । "उत्तर कोरियाको अपरिहार्य सार्वभौमिकता उल्लङ्घन गर्ने उक्साहट दोहोरिए त्यसले भयानक प्रतिक्रिया निम्त्याउनेछ", उहाँले चेतावनी दिनुभयो । विभिन्न प्रतिआक्रमण योजना तयार अवस्थामा रहेको र आवश्यक परे तीमध्ये कुनै एक लागू गरिने उहाँले स्पष्ट गर्नुभएको छ ।

अन्तर-कोरियाली मामिला हेर्ने दक्षिण कोरियाको एकीकरण मन्त्रालयले कथित ड्रोन उडान तनाव न्यूनीकरणको नीतिसँग मेल नखाने बताउँदै यस्ता घटना दोहोरिन नदिन आवश्यक कदम चालिने जनाएको छ ।

सन् २०१९ यता दुई कोरियाबिच कुनै सार्वजनिक वार्ता भएको छैन । पछिल्ला वर्षहरूमा आणविक कार्यक्रमलाई लिएर गहिरिँदै गएको गतिरोध र ड्रोनजस्ता घटनाले वैमनस्य झनै बढाएको छ । यस घटनाक्रमले लामो समयदेखि अवरुद्ध संवाद पुन: सुरु गर्ने प्रयासमा थप जटिलता ल्याउने आकलन गरिएको छ ।

# बङ्गलादेश : जनमतसङ्ग्रहमा सुधारको पक्षमा बहुमत

ढाका, १ फागुन (एएनआई) । बङ्गलादेशमा सम्पन्न जनमतसङ्ग्रहमा ६५.३ प्रतिशत मत संवैधानिक सुधारको पक्षमा परेको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । यसले सन् २०२४ को विद्रोहपछि प्रस्तावित व्यापक राजनीतिक रूपान्तरणका एजेन्डालाई जनसमर्थन प्राप्त भएको सङ्केत दिएको छ ।

आम निर्वाचनसँगै गरिएको उक्त जनमतसङ्ग्रह 'जुलाई चार्टर' नामक ८४ बुँदे सुधार प्रस्ताव कार्यान्वयनसँग सम्बन्धित थियो । उक्त प्रस्तावले भविष्यमा अधिनायकवादी शासन दोहोरिन नदिन संवैधानिक संरचनामा गहिरो परिवर्तन आवश्यक रहेको उल्लेख गरेको छ । डेली स्टारका अनुसार २७ लाखभन्दा बढी मतदाता सुधारको पक्षमा उभिएका छन् ।

प्रस्तावित सुधारहरूमा कार्यवाहक सरकार गठनको स्पष्ट व्यवस्था, पूर्ण स्वतन्त्र निर्वाचन आयोग स्थापना, द्विसदनीय संसद् प्रारम्भ, प्रधानमन्त्रीको कार्यकालमा सीमा निर्धारण, राष्ट्रपतिको अधिकार पुनर्संरचना, न्यायपालिकाको स्वतन्त्रता सुदृढीकरण तथा संसदमा महिलाको प्रतिनिधित्व वृद्धिजस्ता प्रावधान समावेश छन् । प्रारम्भिक नतिजाले यी विषयमा मतदाताहरूको सकारात्मक धारणा देखाएको छ ।

निर्वाचनतर्फ प्रारम्भिक गणनाले बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) अग्रस्थानमा रहेको देखाएको छ । विभिन्न सञ्चारमाध्यमका अनुमानअनुसार २९९ प्रत्यक्ष निर्वाचित सिटमध्ये बिएनपी र उसका सहयोगीहरूले १८१ सिट जितेका छन् भने जमात र उसका साझेदारहरूले ६१ सिट प्राप्त गरेका छन् । २४९ निर्वाचन क्षेत्रमा मतगणना सकिएको र ५० क्षेत्रमा प्रक्रिया जारी रहेको डेली स्टारले जनाएको छ । यद्यपि, निर्वाचन आयोगले आधिकारिक नतिजा सार्वजनिक गर्न बाँकी रहेको छ ।

पूर्वप्रधानमन्त्री खालिदा जियाको निधन र शेख हसिनाको अवामी लिगमाथि प्रतिबन्ध लगाएपछि सम्पन्न भएको यो निर्वाचन तथा जनमतसङ्ग्रहलाई बङ्गलादेशको राजनीतिक पुनर्संरचनातर्फको महत्त्वपूर्ण कदमका रूपमा विश्लेषण गरिएको छ । निर्वाचन आयोगले औपचारिक घोषणा गर्ने तयारी गरिरहेको छ ।

# अमेरिकी विश्वविद्यालयमा भएको गोली हानाहानमा दुई जनाको मृत्यु : एक घाइते

वासिङ्टन डिसी, १ फागुन ( एएफपी) । संयुक्त राज्य अमेरिकाको दक्षिणी विश्वविद्यालयमा भएको गोली हानाहानमा दुई जनाको मृत्यु हुनुका साथै एक घाइते भएको अधिकारीहरूले बताएका छन् ।

साउथ क्यारोलिना स्टेट युनिभर्सिटीले ह्युगिन सुइट्स विद्यार्थी आवासीय कम्प्लेक्सको अपार्टमेन्टमा गोली हानाहानको रिपोर्ट प्राप्त गरेपछि क्याम्पसमा लकडाउन भएको बताएको छ । विश्वविद्यालयका अधिकारीहरूले अहिलेसम्म पीडितको पहिचान वा घाइते व्यक्तिको अवस्था पुष्टि नगरी विज्ञप्तिमार्फत "क्याम्पस लकडाउनमा रहेको बताएका छन् ।

यसै गरी स्थानीय कानुन प्रवर्तन एजेन्सीहरूले विश्वविद्यालयलाई "क्याम्पस र वरपर गस्ती गर्न" सहयोग गरिरहेको बताएको छ भने शुक्रबारका कक्षाहरू रद्द गरिएको विश्व विद्यालयले जनाएको छ ।

क्यानाडाको ब्रिटिस कोलम्बियाको माध्यमिक विद्यालयमा १८ वर्षीय बन्दुकधारीले आठ जनाको हत्या गरेको केही दिनपछि यो गोलीकाण्ड भएको हो ।

संयुक्त राज्य अमेरिकामा विद्यालय आक्रमणको लामो श्रीङ्खलाको पछिल्लो घटना ओ जहाँ आक्रमणका प्रयासहरूले चर्को राजनीतिक गतिरोधको सामना गर्दछन् ।

# शिक्षित बेरोजगार युवालाई स्वयम्सेवकको रूपमा खटाऔँ

✍ सत्यराम कासिछ्वा

सरकारी कर्मचारीहरूलाई निर्वाचनमा खटाउनु नेपालको निर्वाचन व्यवस्थाको पुरानो अभ्यास हो । नेपालमा निर्वाचन आयोग सर्वप्रथम सन् १९५१ अर्थात् वि.सं. २००८ मा स्थापना भयो । त्यसपछि देशभर प्रशासन, कर्मचारी र आवश्यक जनशक्ति व्यवस्थापनअन्तर्गत निर्वाचन कार्य सञ्चालन हुँदै आएको छ । सोहीबमोजिम सरकारी सेवामा रहेका शिक्षक र कर्मचारीलाई निर्वाचनमा खटाइँदै आएको छ ।

२०१५ देखि हालसम्मको संसदीय तथा स्थानीय तहको निर्वाचनमा सरकारी कर्मचारी र शिक्षकहरूलाई मतदान केन्द्रहरूमा मतदान अधिकृत र सहयोगी पदीय भूमिकामा खटाइँदै आएको छ । नेपालको निर्वाचनमा शिक्षक तथा सरकारी कर्मचारीहरू खटाइन्छन् । सरकारी सेवामा रहेका शिक्षक र कर्मचारी जिम्मेवार व्यक्ति हुन्छन् भन्दै राजनीतिक दलभन्दा तुलनात्मक रूपमा तटस्थ मानेर तिनीहरूलाई निर्वाचन निष्पक्ष, पारदर्शी र व्यवस्थित बनाउन खटाइँदै आएको हो । सरकारी सेवामा रहेका शिक्षक र कर्मचारीलाई निर्वाचनमा मतदान अधिकृत/सहायक मतदान अधिकृत, मतदाता नामावली जाँच, मतपेटिका व्यवस्थापन, मतगणना, मतदान केन्द्रको व्यवस्था र अनुशासन कायम गर्न निर्वाचन आयोगले खटाउने पुरानो परम्परा रहेको छ ।

बहुमत जनताको जीवनस्तर खासै परिवर्तन नभएको र चरम भ्रष्टाचारको कारण नयाँ पुस्ताको असन्तुष्टिले भएको आन्दोलनमा दर्जनौं युवाको ज्यान गयो । तर, विदेशी एजेन्ट एनजीओ आईएनजीओको सहयोगमा तोडफोड र आगजनी भए तापनि विदेशीकै चलखेलमा निर्वाचन गराउने नाउँमा निर्वाचनलक्षित अन्तरिम सरकार पनि बन्यो ।

**शिक्षक तथा कर्मचारीको निर्वाचनमा खटिनुको लालसा**

निर्वाचन भत्ता, खाना तथा खाजाको व्यवस्था, आवश्यकताअनुसार यातायात खर्च, दूरदराजमा खटिँदा बसोबासको सुविधा, सेवा अभिलेखको लागि उपयोगी हुने गरी ड्युटी प्रमाणपत्र, कार्यालय/विद्यालयले बिदा समायोजनको व्यवस्था गर्नेजस्ता सुविधा निर्वाचन आयोगको नियमअनुसार पद र स्थानअनुसार फरक-फरक तर दोहोरो आर्थिक लाभ गर्नसक्ने भएकोले सरकारी शिक्षक तथा कर्मचारीले निर्वाचनमा खटिन लालायित भएको देखिन्छ ।

सरकारी शिक्षक र कर्मचारीबाहेक अन्यलाई पनि खटाइन्छ । निर्वाचनमा आवश्यकताअनुसार रोजगारमा रहेको निजी विद्यालयका शिक्षक, करार/अस्थायी कर्मचारी, मतदाता शिक्षा सहजकर्ता, अस्थायी गणक/सहयोगी कर्मचारी, सुरक्षा निकायजस्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनासँगै निर्वाचन पर्यवेक्षक स्वदेशी/विदेशी एनजीओ तथा आई एनजीओलाई विविध दोहोरो आर्थिक लाभको सुविधासहित स्वयंसेवकको रूपमा खटाइन्छ ।

नेपाली युवाहरू शिक्षित भएर पनि सोअनुसारको रोजगारी पाउन सकिरहेको छैन । जसले गर्दा दैनिकरूपमा हजारौँ शिक्षित युवाहरू विदेशतिर गइरहेका छन् । मतदान अधिकृत, सहायक मतदान अधिकृत मतदाता नामावली जाँच गर्ने, मतदाता परिचयपत्र हेर्ने/जाँच गर्ने, मतपेटिका व्यवस्थापन गर्ने, मतदान प्रक्रिया सञ्चालन, मतगणना गर्ने, मतपरिणाम सङ्कलन तथा प्रतिवेदन बनाउने, मतदान केन्द्रको व्यवस्थापन र अनुशासन कायम गर्ने जिम्मेवारीमा सरकारी शिक्षक तथा कर्मचारीलाई निर्वाचनमा खटाउनुभन्दा शिक्षित बेरोजगार युवालाई तालिमसहित खटाउनु जरुरी छ ।

प्रजातन्त्रको स्थापनापछि विगतका निर्वाचनमा शिक्षित व्यक्तिहरू कम थिए र तिनीहरूलाई खटाउनु अनिवार्य मानिन्छ । तर, अहिले शिक्षित व्यक्तिहरू बेरोजगार भएको अवस्थामा उहीँ पुरानै सोचले सरकारी शिक्षक र कर्मचारीलाई निर्वाचनमा खटाउनु सङ्घीय र गणतान्त्रिक व्यवस्था परिवर्तनअनुसार राम्रो होइन ।

निर्वाचन स्वच्छ हुनुपर्ने प्रक्रिया हो, तर व्यवहारमा भ्रष्टाचार र बेथिति देखिन्छ । भत्ता वितरणमा अनियमितता, नखटिएको व्यक्तिको नाममा भत्ता निकाल्ने, वास्तविक खटिएकालाई कम भत्ता दिने, खटाइमा पक्षपात, चिनजान, नातावाद वा राजनीतिक पहुँचका आधारमा सजिलो ठाउँमा खटाउने, दुर्गम स्थान अरूलाई जबरजस्ती दिने, नक्कली हाजिरी, काम नगरी हाजिरी गर्ने, ढिला आएर पूरा हाजिरी देखाउने, यातायात/खर्च विवरणमा घोटाला, बढी खर्च देखाएर पैसा लिने, एउटै खर्च दोहोऱ्याएर देखाउने, मतदान प्रक्रियामा लापरबाही वा मिलेमतो, मतदाता जाँचमा हेलचक्राइँ, मतगणनामा पारदर्शिता नदेखिनु, तालिम र सामग्री खरिदमा अनियमितता, कम गुणस्तरको सामग्री महँगो देखाएर खरिदजस्ता कार्यले निर्वाचनको विश्वसनीयता कमजोर बनाउँछ । त्यसैले निर्वाचन आयोग, अनुगमन टोली र नागरिकको निगरानी जरुरी हुन्छ ।

शिक्षित तथा बेरोजगार युवालाई निर्वाचनमा खटाउँदा राम्रै हुन्छ । शिक्षित जनशक्तिको सदुपयोग, निर्वाचन कार्य छिटो, व्यवस्थित र प्रविधिमैत्री, अस्थायी रोजगारी र आम्दानी हुने, प्रायोगिक अनुभव मिल्ने, नागरिक चेतना बढी सहभागिता बढ्ने नयाँ ऊर्जा र निष्पक्ष दृष्टिकोण आउने, खटाइमा देखिने पक्षपात र पहुँचको समस्या कम हुने तथा सरकारी कर्मचारीमाथिको बोझ कम हुनेजस्ता सकारात्मक पक्ष देखिन्छ ।

बेरोजगार युवालाई उचित आवश्यक तालिम दिएर खटाउन मिल्छ । उचित छनोट प्रक्रिया, निर्वाचन प्रक्रिया बुझाउन पूर्व तालिम र निगरानी भएमा शिक्षित तथा बेरोजगार युवालाई मतदाता शिक्षा, सहायक, गणक, स्वयंसेवकजस्ता काममा सजिलै खटाउन सकिन्छ र खटाउँदा निर्वाचन अझ बढी समावेशी र प्रभावकारी हुनसक्छ ।

शिक्षित तथा बेरोजगार युवा तर राजनीतिक रूपमा प्रभावित नभएको व्यक्तिलाई मतदान, मतगणना र कागजात व्यवस्थापनको तालिम, मतदाता जाँच, हाजिरी, मतपेटिका व्यवस्थापनको तालिम, मतदान केन्द्रको अनुशासन र लाइन व्यवस्थापन, सुरक्षा र सहायतासम्बन्धी तालिम, नक्कली हाजिरी, गलत गणना वा ढिलाइले मत परिणाममा शङ्का उत्पन्न हुन नदिन मतगणना/रिपोर्टिङको तालिम दिएर निर्वाचन प्रणालीको नयाँ अभ्यास गर्न जरुरी छ ।

लघु कथा

# साँचो परिवर्तन

✍ बच्चु यादव

तराईको एउटा गाउँमा हात बजार लागिरहेको थियो । त्यसैको मौका छोपेर धोती, कमिज, गलबन्दी, फेटा र चप्पलमा एक उम्मेदवार केही मोटोघाटो आउरेबाउरेका साथ टुप्लुक्क आइपुगे । उनी गाउँका सामन्त, जमिनदार, भ्रष्टाचारी र अपराधी थिए । उनी गरिब मतदाताको मन, विश्वास जित्न त्यहाँ आएका थिए । उनले आफ्ना आउरेबाउरेमार्फत पहिला धोती, कम्बल, सारी, कुर्था, मासुको पोका, खाम बाँड्न लगाए । त्यसपछि उनले ती मतदाताहरूलाई भने, "सर्वप्रथम म तपाईँ गरिब दु:खी आमा बुबाका तराईका धर्तीपुत्रको हार्दिक नमस्कार र ढोग छ । अब आउने फागुन २१ गतेको निर्वाचनमा मलाई धेरै मत हालेर जिताउनु हुन्छ भन्ने पूर्ण विश्वास छ । म चुनावमा जितिसकेको छु । अब तपाईँहरूले मलाई मतमात्र हालेर देखाउन बाँकी छ । यदि मलाई जिताउनुभयो भने म हाम्रा तराईका धर्तीपुत्र उखु किसान, दुग्ध किसान, मिटरब्याज पीडित, कमैया, चरुवालगायत सबै गरिब पीडित दु:खी जनतालाई मुक्त गरिदिनेछु । अन्नको भण्डार तराईमा कृषि, उद्योगको विकास गरी सबैलाई रोजगारी दिएर सुख दिनेछु, गरिबको आँसु पुछ्नेछु । उनको कुरा सुनेर आउरेबाउरेहरू गडगडाहत ताली बजाउँछन् ।

उनको भाषण सुनिरहेका एक निडर युवाले औँलो उठाउँदै भने, "दाजुभाइ, दिदीबहिनी तथा आमाबुबा हो, यो आज हामी सबै यिनीहरूबाट पुस्तौँपुस्ता पीडित छौँ । हाम्रा अग्रज पुर्खाहरूले यिनीहरूको यस्तै शोषण, अन्याय, अत्याचार, पीडा र अभावको आँसु पिउँदै जानुभयो । यी हामी हिजोदेखि गरिबी, अशिक्षाका कारण काम नपाएर सुखा रोटी, सखर, नुन, खोर्सानी खाँदै, भोकै बस्दै आएका आदिवासी हौँ । हामी गरिब हौँ । यसैमा हाम्रो स्वाभिमान छ । स्वतन्त्रता छ, अनि नैतिक बल छ । गरिबी सहिन्छ, अभाव भोगिन्छ । तर, हाम्रो स्वाभिमान बेचिँदैन, बेच्नुहुँदैन; हाम्रो अमूल्य माताधिकार बेच्नु हुँदैन, बन्धकीमा राख्नु हुँदैन । उनीहरू अब हामीलाई देखावटी सम्मान, आदर र शरीर आधी निहुराएर देउतालाई जस्तो ढोग्न आउनेछन् । विदेशीको माना खाएका, पालिएका नेपाली जातजातिका पोसाक लगाएका नक्कली नेपाली भएर उम्मेदवारहरू मत माग्न आउँदै छन् । उनीहरू भोलिका विभीषण भष्मासुर र गाईको छाला ओढेर आएका ब्वाँसाहरू छन् । उनीहरूलाई चुनावमा हराउनु र हाम्रो दु:ख पीडामा यहाँ साथ दिँदै आएका सङ्घर्षशील देशभक्त उम्मेदवारहरूलाई अत्यधिक मतले जिताउनु हाम्रो कर्तव्य हो, अग्नि परीक्षा हो ।

हात बजार र मेलामा आएका दाजुभाइ, दिदीबहिनी र बुबा आमा सबैले ती निडर युवाले भनेका कुरा साँचो हुन् भन्दै उनीहरूले दिएको सामान, पैसा त्यही छोडेर आफूलाई चाहिने सामान किनेर आ-आफ्नो घर गए ।

# न्हुछेरत्न बुद्धाचार्यका दुई कविता

## युवाजन

सगरमाथाको देशका धरती पुत्र
पवित्र भूमिमा आफ्नो बाहुबलले
परिश्रम गरेर दु:खकष्ट भोगिरहेका
यो वर्तमान युगमा सङ्घर्ष गरिरहेका नौ जवान

यो जन्मभूमिको सपुत सन्तान भएर
आफ्नो प्रतिभाले राष्ट्रको योगदान गरेर
मानव सेवा गर्नु छ यो श्रमभूमिमा
जहाँ भोकको वेदनाले सताइरहेको बस्तीमा

आफू बलेर उज्यालो दिनु छ अँध्यारो पथमा
सदाचारी, संयमित बनेर देखाउनु छ मातृभूमिमा
अन्याय र शोषणको विरोधमा कदम चालेर
पीडितहरूलाई दु:खकष्टबाट मुक्त गर्नु छ यो शान्तिभूमिमा

प्रत्येक युवाको विरोधको आवाजमा
राष्ट्रको मुहार फेर्ने परिवर्तनको स्वर गुञ्जिरहन्छ
मुटुभरि आगो मुखभरि ज्वाला बोकेर आएका
युवाजनको जागरणको अभियानले देश जाग्छ
अनि यो धरतीमा नयाँ जनयुग प्रारम्भ हुन्छ ।

## वृद्धजन

सदियौँदेखि यो पुण्यभूमिमा
अपार महिमाले भरिपूर्ण योगदान दिएर
कलिलो हँसिलो संसारको न्वारान गरेर
सङ्घर्षमयी जीवनचक्रमा बाँचिरहेका ज्येष्ठ नागरिक

भोक र रोगबाट पीडित भएर
पातलो जीर्ण शरीर लिएर
निधारभरि चाउरिएको अनुहार बोकेर
हुर्कँदै, ढल्कँदै समय बिताइरहेका अनुभवी मानव

यो अत्यासलाग्दो पथमा
आफ्नो प्रत्येक परिश्रमको इतिहास
आफ्नै पौरखले स्वाभिमानी भएर पाइला चाल्ने
सामाजिक परिवर्तन गरेर अघि बढ्ने साहसी व्यक्ति

यो नवयुगको आकाशमा
प्रत्येक अग्रजहरूको अतीतको सेवा र तपस्या
यो मातृभूमिको लागि एक पथ प्रदर्शक हो
आफ्नै शक्ति आफ्नै भक्तिले अघि बढिरहेका
यो ज्ञानभूमिका धरतीका ज्योति वृद्धजन

कविता

# चुनावको शैली उस्तै !

✍ स्नेह

आयो लाम कसेर
मासु भात खुवाउनेहरू
राजस्व छल्नेका सारथीहरू
जनतालाई धोका दिनेहरू ।

खानेहरू पनि लामै छन्
खोइ कहिले चेतिने हो ?
पुरानो शीशीमा नयाँ रक्सी
नबुझेका बिचराहरू ।

चुनावको शैली उस्तै !
नयाँ युगको सुरु कसरी होला ?
सुन्दर भविष्य कसरी बन्ला ?
लडाइँ लड्न कसरी नपर्ला ?

समृद्धि होइन, वर्गीय भेद बढ्यो
पुँजी सञ्चयसँगै हिंसा बढयो
हतियार बोक्ने बलिया भए
डाक्टरी सहयोग किन कमजोर ?

*(२०८२ माघ २८)*

# भष्मासुरलाई बरदान मृत्युपाशको प्रार्थना

✍ युसुप दुवाल

आजसम्म कसैले केही गरेन
गर्दै गरेन
गर्दैन पनि
त्यसैले, म आएको छु
यो ठाउँको लागि
यो क्षेत्रको लागि
म काम गर्छु
म विकास गर्छु
र, निकास दिन्छु
साँच्चै यो देश समृद्ध बनाउँछु
विश्वमाझ चिनाउँछु
म गरेर देखाउन आएको मान्छे हुँ
म गरेरै देखाउँछु
यो मेरो वाचा भो !
नेपाली माटोको कसम
म प्रतिज्ञा गर्दछु
एकादेशका एउटा चखन्ची
चटुल चरित्र चित्रण गर्दै
खेत, खलियानमा बतासे जोक्स सुनाउँदै
रौतहटे राम्नु रामलीला रच्दै छन् ।

उफ !
सालनाल नछुट्टिएका
विध्वंस कलाबाट मौलाएका
नटवरलालहरूको बेतुक तमासा
लस्कर मौसमी झाँक्रीहरू
पदभार ग्रहण गर्न आतुर छन्
नवदित निर्देशित सिनेमाका अभिनित
पात्रहरू
नायक, महानायक (खलनायक) अनि,
समयान्तर जेलेन्स्किका रौतेलारौतेलीहरू
आफ्नै मृत्युपाशको प्रार्थना गर्दै
मध्यरातमा ढ्याङ्ग्रो ठटाएर
समुल्लासका साथ मसान जगाउँदै छन्
जोगीय भेषका जोगियानाहरू !

के मेरो देश दाउमा त छैन ?
कतै भष्मासुरलाई बरदान नहोस् !
मेरो बेहोसी मेरो लागि पर्दा भो !!
गीत गाउँदै पछुताउन नपरोस् !!!
जन- जनार्दन बेलैमा सचेत होऔँ ।

# खन्चुवाहरू

✍ साहिँला

खानकै निम्ति जन्मिएकाहरू
दायाँबायाँ, अगाडि पछाडि
तलमाथि हेर्दै हेर्दैनन्
किनभने उनीहरूलाई खानकै पिर छ ।
सडकपेटी पर्खाल बनाउने
निर्माण सामग्री नै खान्छन्
पुल पुलेसा कुलो नहर पनि खान्छन्
भवन, महल, सार्वजनिक जग्गा खान्छन्
देशको बजेट त आफ्नै पेवा ठान्छन्
बहुरूपी खन्चुवाहरू ।
आजभोलि माहोल नै भएको छ
कोही जनताको पसिना खाने
कोही श्रमिकको श्रम खाने
कोही खाईनखाई जम्मा गरी
सहकारीमा राखेको पैसा खाने
पुराना नयाँ खन्चुवाहरू ।
नाम अनेक रूप अनेक छ
आज भोलि निर्वाचनको बेला छ
खन्चुवाहरूको उद्देश्य एकै छ
जनताको आँखामा छारो हाल्न
मै प्रधानमन्त्री भन्दै छन् ।
विदेशी मालिकका सेवकहरू
मालिकको इच्छा पूरा गर्नेहरू
देशको प्राकृतिक स्रोतहरू
उत्पादनका साधनहरू
विदेशीलाई बुझाउन तयार छन्
नयाँ पुराना खन्चुवाहरू ।
पल्केको स्यालझैँ
आफ्नो भाग लुट्ला भनेर
एक अर्कामाथि अविश्वासले हेर्दै
तँछाडमछाड गरिरहेछन्
जनतामाझ बिन्ती गर्दै
लौन एकपटकको लागि मौका देउ भन्दै
हात जोडी मतको भिख माग्दै छन् ।
नयाँ नयाँ खन्चुवाहरू
देश विदेशमा रहेका छोराछोरीहरूलाई
इन्टरनेट, फेसबुक, सामाजिक सन्जालबाट
यसपालि त नयाँलाई देउ भनी
आमा बुबालाई बिन्ती गराउँदै छन् ।

# मुखौटाभित्रको राजनीति

✍ सत्य सुवाल

*सत्ययुगमा शत्रु टाढा अर्कै लोकमा हुन्थे रे,*
*त्रेतामा तिनै शत्रु एउटै भूगोलमा उत्रे ।*

*द्वापरमा त ती शत्रु एउटै घरभित्रै आए,*
*अहिले त नेताकै एउटै शरीरमा दुवै रूप अटाए ।*

*मुखमा मीठो 'राम-राम', बगलीमा 'तँछाड-मछाड' छ,*
*बाहिर सुशासनको भाषण, भित्र सेटिङको पहाड छ ।*

*चुनावअघि देवताजस्ता, जितेपछि दैत्य बन्छन्,*
*कुर्सीका लागि आफ्नै सिद्धान्तलाई लात हान्छन् ।*

*हिजोका शत्रु आज घाँटी जोडेर 'गठबन्धन' गर्छन्,*
*जनतालाई ढाँटेर आफ्नै खल्ती र ढुकुटी भर्छन् ।*

*हिजोको महाभारत घरमा थियो, आज मनभित्र छ,*
*स्वार्थ मिल्दा देवता यहाँ, नमिल्दा दानवको चित्र छ ।*

*चिन्नै गाऱ्हो भो यहाँ, कसको कुन असली अनुहार हो ?*
*सबैको एउटै नियति– कुर्सी नै जीवनको आधार भो ।*

*युग फेरियो, पात्र फेरिए, तर प्रवृत्ति उस्तै छ,*
*देश बनाउने सपना यहाँ, फेरि पनि अलपत्रै छ ।*

*यही अँध्यारो चिर्न अब, आशाको एउटा दियो बल्नुपर्छ,*
*सिद्धान्तको राजनीति बोकी नेमकिपा अघि बढ्नुपर्छ ।*

*न झुक्ने कतै, न बिक्ने कतै, जसको चट्टानी अडान छ,*
*विस्तारवाद र साम्राज्यवादविरुद्ध यसैको छुट्टै सान छ ।*

*संशोधनवादको जालो च्यात्न, रगत-पसिना बगाउँछौँ,*
*विदेशी हस्तक्षेपका विरुद्ध, सधैँ औँला उठाउँछौँ ।*

*आदर्श समाजको स्थापना नै, हाम्रो अन्तिम लक्ष्य हो,*
*देशभक्त र क्रान्तिकारीको, यो एक मात्र पक्ष हो ।*

*नझुकौँ अब मुखौटामा, नभुलौँ स्वार्थी चालमा,*
*देश जोगाउन इमानदार 'छाप' लगाऔँ 'मादल' मा ।*

*शोषित-पीडित जनताको, गुन्जियोस् अब एउटै स्वर,*
*नेमकिपाकै झण्डामुनि, गोलबन्द बनौँ चारैतर्फ !*

# “शासक दलहरूले देशको अर्थतन्त्र परनिर्भर बनाए”




भक्तपुर, १ फागुन । सहकारी अध्ययन समाज नेपालको आयोजनामा शुक्रबार सहकारीकर्मीहरूबिच अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “गरिब र खेतीहर मजदुर-किसानको निम्ति सहकारी संस्थाको विकास भएको हो । नेपालमा सहकारी मन्त्रालय र विभागका माथिल्ला व्यक्तिहरूले ‘सहकारी संस्था’ लाई निजी बैङ्कहरूको दलालजस्तै बनाएको हुँदा लाखौँ लाख गरिब किसानको खर्बौं रुपैयाँ बचत रकम ठगी पनि भयो । यो विषय नेमकिपाले संसद्मा निरन्तर उठाउनेछ ।”

“नेमकिपा देश र जनताको नि:स्वार्थ सेवा गर्न स्थापना भएको हो । शासक दलहरूले देशको अर्थतन्त्र परनिर्भर बनाएर देशघात गरे । फागुन २१ गतेको प्रतिनिधिसभामा नेमकिपाका उम्मेदवारहरू देशैभरि निर्वाचित भएमा मात्र देशको अर्थतन्त्र माथि उठाउन ढोका खुल्नेछ ।”, उहाँले भन्नुभयो ।

कार्यक्रमका सभापति एवं सहकारी अध्ययन समाज, नेपालका उपाध्याक्ष कृष्णगोविन्द लाखाजुले सहकारी क्षेत्रमा देखापरेका चुनौती र समाधानका विषयमा प्रस्तुतीकरण गर्दै सहकारी क्षेत्र सवल बनाउन देशभक्त र इमानदारीपूर्वक काम गर्दै आएका दल र त्यसका उम्मेदवारहरूलाई प्रतिनिधिसभाको निर्वाचनमा निर्वाचित गराउनुपर्नेमा जोड दिनुभयो ।

समाजका सदस्यद्वय राधेश्याम सुवाल र कृष्णेश्वरी प्रजापतिले पनि बोल्नुभएको थियो ।

# “शिक्षा व्यापार होइन, राज्यको जिम्मेवारी हो”




भक्तपुर, १ फागुन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा एभरेस्ट इङ्गलिश स्कूलको ४३ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले शिक्षा व्यापार होइन, राज्यको जिम्मेवारी हो भन्नुभयो ।

भक्तपुरको शैक्षिक इतिहास बोकेको एभरेस्ट स्कूलले शैक्षिक जगतमा निरन्तर उत्कृष्टता हासिल गर्दै आइरहेको उल्लेख गर्दै उहाँले कुनै पनि संस्थाको दिगो विकासमा नेतृत्वको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

एभरेस्ट स्कूलले आफ्नो वार्षिकोत्सवको अवसरमा विद्यालयहरूलाई पुस्तक हस्तान्तरण गरी पठन संस्कृतिलाई अझ मजबुत बनाउन हौसला पुग्ने बताउँदै उहाँले भक्तपुर नगरपालिकाले विद्यालयलक्षित गतिविधिमा जोड दिँदै आएको बताउनुभयो ।

विद्यार्थीहरूलाई सामाजिक सञ्जालबाट टाढा राख्नुपर्ने, कुलतबाट जोगाउनुपर्ने र असल सङ्गतको लागि प्रेरित गर्नुपर्ने उल्लेख गर्दै उहाँले भक्तपुरमा ज्ञानको गुणस्तरमा भएको प्रतिस्पर्धाले भक्तपुर आज ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास हुन सफल भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले गुणस्तरीय शिक्षाले मात्रै नयाँ पुस्ताको भविष्य उज्ज्वल हुने बताउँदै शिक्षामा विभेद गर्नुहुन्न भन्ने मान्यताले सामुदायिक र संस्थागत विद्यालयहरूलाई समान ढङ्गले अगाडि बढाउने नीति अवलम्बन गर्दै आएको बताउनुभयो ।

बालबालिकाको व्यक्तित्व विकासमा महत्त्वपूर्ण अस्त्रको रूपमा विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापहरू हुन् भन्दै उहाँले भक्तपुर नपाले यहाँका विद्यालयहरूलाई आर्थिक, नैतिक र भौतिक सहयोग पनि गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रमका अर्का अतिथि प्रदिपकुमार राईले वार्षिकोत्सवको अवसरमा एभरेस्ट स्कूलले विद्यालयहरूलाई पुस्तक हस्तान्तरण कार्यक्रमलाई आगामी दिनहरूमा निरन्तरता दिने विश्वास व्यक्त गर्दै यसले देशको शैक्षिक विकासमा पनि टेवा पुग्ने बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल भक्त राजभण्डारीले विद्यालयको शैक्षिक गतिविधिबारे प्रस्ट पार्दै सामाजिक तथा शैक्षिक अभियानमार्फत विद्यालय अगाडि बढिरहेको बताउनुभयो । विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा पनि संलग्न गराउँदै आएको बताउँदै उहाँले विद्यालयको भावी योजनाबारे अवगत गराउनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले एसईई २०८१ मा ४ जीपीए ल्याएका विद्यार्थीलाई सम्मान गर्नुका साथै एभरेस्ट जन्म दिन कोष २०८२ बाट सङ्कलित रकमद्वारा टीकापुर ९ झुङ्गा, कैलालीस्थित सेतीमैया चौधरी मावि, भोजपुर ४ दावाँस्थित सिद्धेश्वर माध्यमिक विद्यालय, जीतपुरमिरा २ दशविगाह, बारास्थित सरस्वती आधारभूत विद्यालयहरूलाई पुस्तक हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरू सिल्भिया खड्का र मनग्य जोन्छेले पनि बोल्नुभयो ।

# भ्रष्ट प्रवृत्तिका कारण देश जटिल स्थितिमा

भक्तपुर, १ फागुन । नेपाल मजदुर किसान पार्टी सूर्यविनायक -५ कटुञ्जे एकाइ समितिको आयोजनामा ५२ औँ पार्टी स्थापना दिवस सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपा सिद्धान्त र विचारमा चल्ने पार्टी भएको बताउँदै देश र जनताको नि:स्वार्थ सेवाबाहेक नेमकिपाको अर्को उद्देश्य नभएको बताउनुभयो ।

उहाँले सरकारमा गएका पुँजीवादी पार्टीहरूको सिद्धान्तहीन र भ्रष्ट प्रवृत्तिका कारण देश जटिल स्थितिमा पुगेको बताउनुभयो ।

उहाँले शासक पार्टीहरूको विदेशीसामु आत्मसमर्पण गरेकै कारण देशको प्राकृतिक स्रोत र साधन साम्राज्यवादी र भारतीय विस्तारवादीहरूको हातमा पुगिसकेको बताउनुभयो ।

उहाँले अमेरिकी साम्राज्यवादले एसियालाई अस्थिर पार्न हिन्द प्रशान्त रणनीति लागु गरेर नेपालसित एमसीसी सम्झौता गरेको र जेन-जी आन्दोलनको बहानामा सिंहदरबार जलाउने दलालहरू तयार पारेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य एवं भक्तपुर क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रमेश वैद्यले नेमकिपाले सदन र सडकमा देश र जनताको अधिकतम हितको रक्षाका निम्ति प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको चर्चा गर्नुभयो ।

नेमकिपाले राजनीतिलाई नि:स्वार्थ रूपमा जनताको सेवा गर्ने माध्यमको रूपमा लिँदै आएको बताउँदै निर्वाचनमा हारजित जे भए पनि निर्वाचन घोषणापत्रमा गरेको वाचाअनुसार सक्रिय रहने बताउनुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छेले नेमकिपाले किसान र मजदुरलगायत कामदारवर्गको जनताको उत्थानको निम्ति सङ्घर्ष गर्दै आएको चर्चा गर्नुभयो ।

कार्यक्रममा आयोजक समितिका राजेन्द्र बखुन्छेले पनि बोल्नुभएको थियो ।

# विद्रोहपछि पहिलो चुनावमा बीएनपीको जीत दाबी

ढाका, १ फागुन (एपी) । बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले सन् २०२४ को विद्यार्थी नेतृत्वको विद्रोहपछि सम्पन्न पहिलो संसदीय निर्वाचनमा बहुमतसहित विजय हासिल गरेको दाबी गरेको छ । वर्षौंदेखि तीव्र राजनीतिक ध्रुवीकरण र विवादित चुनावले प्रभावित बङ्गलादेशको राजनीतिमा यो परिणामले नयाँ अध्याय सुरु गर्ने सङ्केत दिएको छ ।

निर्वाचन आयोगले अन्तिम आधिकारिक नतिजा सार्वजनिक नगरे पनि स्थानीय सञ्चारमाध्यमहरूले ३५० सदस्यीय संसदमा बहुमतका लागि आवश्यक १५१ सिटको सीमा बिएनपीले पार गरेको जनाएका छन् । संसदमा महिलाका लागि आरक्षित ५० सिट विजयी दलहरूबिच आनुपातिक रूपमा बाँडिने व्यवस्था छ । विपक्षी इस्लामवादी जमात-ए-इस्लामीले नतिजा सार्वजनिक गर्न ढिलाइ भएको भन्दै असन्तुष्टि जनाएको छ, तर बिएनपीको मिडिया एकाइले पार्टीले एक्लै सरकार गठन गर्न पर्याप्त सिट जितेको जनाएको छ ।

बिएनपी ६० वर्षीय तारिक रहमानको नेतृत्वमा रहेको छ । उहाँ १७ वर्षको स्व-निर्वासनपछि गत डिसेम्बरमा लन्डनबाट स्वदेश फर्किनुभएको हो । उहाँ पूर्वप्रधानमन्त्री खालिदा जियाका सुपुत्र हुनुहुन्छ । खालिदाको डिसेम्बरमै निधन भएको थियो । पार्टीका वरिष्ठ संयुक्त महासचिव रुहुल कबिर रिजवीले जनतालाई धन्यवाद दिँदै विजयको बधाई व्यक्त गर्नुभएको छ । रहमानका प्रेस सचिव सालेह सिबलीका अनुसार उहाँले समर्थकहरूलाई विजय उत्सवका र्‍याली नगर्न, बरु नियमित शुक्रबारको नमाजसँगै विशेष प्रार्थना गर्न आह्वान गर्नुभएको छ ।

ढाकास्थित अमेरिकी दूतावासले रहमान र उहाँको दललाई ‘ऐतिहासिक विजय’ भन्दै बधाई दिएको छ । बङ्गलादेशका लागि अमेरिकी राजदूत ब्रेन्ट टी. क्रिस्टेनसेनले सामाजिक सञ्जालमार्फत दुई देशबिच समृद्धि र सुरक्षाका साझा लक्ष्यमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यो जितले बङ्गलादेशी जनताको विश्वास प्रतिबिम्बित गरेको उल्लेख गर्नुभएको छ भने पाकिस्तानका राष्ट्रपति आसिफ अली जर्दारीले लोकतान्त्रिक साझेदारी सुदृढ बनाउन इच्छुक रहेको बताउनुभएको छ ।

ऐतिहासिक रूपमा बङ्गलादेशले भारत र पाकिस्तानसँग मिश्रित सम्बन्ध कायम राख्दै आएको छ । सन् १९७१ मा भारतको सहयोगमा पाकिस्तानबाट स्वतन्त्रता प्राप्त गरेको बङ्गलादेशमा पूर्वप्रधानमन्त्री शेख हसिनाको कार्यकालमा भारतसँग निकट सम्बन्ध थियो । हसिना गत वर्षको आन्दोलनपछि सत्ताच्युत भई निर्वासनमा जानुभएको थियो । त्यसपछिको अन्तरिम प्रशासन नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा गठन भएको थियो ।

यस पटकको निर्वाचन मुख्यत: बिएनपी र जमात-ए-इस्लामी नेतृत्वको ११ दलीय गठबन्धनबिच प्रतिस्पर्धा भएको थियो । स्थानीय टेलिभिजन च्यानलहरूका अनुसार गठबन्धनले कम्तीमा ७७ सिट जित्दै उल्लेखनीय उपस्थिति जनाएको छ । जमात-ए-इस्लामीका प्रमुख शफिकुर रहमानले ढाकाबाट जीत हासिल गर्नुभएको छ र संसदमा प्रमुख विपक्षी नेताका रूपमा देखिनुभएको छ । तर पार्टीले धेरै क्षेत्रमा नतिजा घोषणा गर्न ढिलाइ र अनियमितता भएको आरोप लगाएको छ ।

विद्रोहका विद्यार्थी नेताहरूले स्थापना गरेको नेसनल सिटिजन पार्टीले पनि केही सिट जित्दै आफ्नो उपस्थिति जनाएको छ । पार्टी प्रमुख नाहिद इस्लामसहित शीर्ष नेताहरू निर्वाचित भएका छन् ।

यो मतदानलाई बङ्गलादेशको लोकतन्त्रका लागि महत्त्वपूर्ण परीक्षणका रूपमा हेरिएको थियो । जुलाई २०२४ को आन्दोलनले शेख हसिनालाई सत्ताबाट हटाएपछि सम्पन्न पहिलो चुनाव भएकाले यसलाई लोकतान्त्रिक विश्वास पुन:स्थापित गर्ने अवसरका रूपमा लिइएको थियो । साथै, प्रधानमन्त्रीको कार्यकाल सीमित गर्ने र कार्यकारी शक्तिमा नियन्त्रण कडा पार्ने प्रस्तावसहितको जनमतसङ्ग्रह पनि सँगै सम्पन्न भएको छ, जसको नतिजा सार्वजनिक हुन बाँकी छ ।

पछिल्ला १५ वर्षमध्ये अधिकांश समय बिएनपी विपक्षमा रह्यो र उसले चुनावी अनियमितता तथा राजनीतिक दमनको आरोप लगाउँदै केही निर्वाचन बहिष्कारसमेत गरेको थियो । तारिक रहमानविरुद्ध लगाइएका भ्रष्टाचार तथा अन्य मुद्दा हसिनाको सरकार पतनपछि खारेज गरिएका थिए । उहाँले ती आरोपलाई राजनीतिक रूपमा प्रेरित बताउँदै अस्वीकार गर्नुभएको थियो ।

बिएनपी र अवामी लिगबिचको लामो प्रतिस्पर्धाले बङ्गलादेशको राजनीतिक दिशा निर्धारण गर्दै आएको छ । विश्लेषकहरूले भने नयाँ सरकारमाथि सुशासन, पारदर्शिता र लोकतान्त्रिक अभ्यास सुदृढ गर्ने ठोस दबाब रहने उल्लेख गरेका छन् ।

***दलित...***

मादल चिह्नमा मतदान गर्न सबैमा आग्रह गर्दछु”, उहाँले भन्नुभयो ।

कार्यक्रममा सहभागी महिलाहरूले निर्वाचनको क्रममा भोगेका कुरा र जनताको अपेक्षाबारे राखेको जिज्ञासाको जवाफ दिँदै उम्मेदवार महर्जनले नेमकिपाको उठाएका मुद्दालाई जनताले गम्भीर ढङ्गले विश्लेषण गरिरहेको छ भन्नुभयो ।

दलित महिला सञ्जालको आयोजनामा भएको उक्त कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर शुभलक्ष्मी शाक्यको पनि उपस्थिति रहेको थियो ।

***“नेमकिपा...***

गलत पाठ्यपुस्तक पढाएर सही विद्यार्थी निर्माण गर्न नसकिने उल्लेख गर्दै उहाँले उपयुक्त शिक्षा र सही प्रतिनिधि चयनको आवश्यकता औँल्याउनुभयो ।

इसानका केन्द्रीय कोषाध्यक्ष उकेश कवांले देश जेन-जी आन्दोलनपछि झन् जटिल परिस्थितिमा पुगेको र भ्रष्टाचारको विरोध गरिए पनि दोषीलाई कानुनी दायरामा ल्याउन नसकिएको तथा अपराधीहरू जेलबाट मुक्त भएको अवस्थाप्रति चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रम इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा इसानका केन्द्रीय महासचिव पुरूषोत्तम ग्वाछाले पनि बोल्नुभएको थियो ।

***भक्तपुरको...***

पनि उत्तिकै योगदान रहेको उल्लेख गर्नुभयो । उहाँले विद्यालयको भौतिक पूर्वाधार सुधार गर्दै गुणस्तरीय शिक्षामा जोड दिँदै सामुदायिक विद्यालय सञ्चालनमा देखिएका समस्याहरूबारे बताउनुभयो ।

श्रमलाई माया गर्ने शिक्षा विद्यालयले दिँदै आएको उहाँले उल्लेख गर्नुभयो ।

सहायक प्रअ लक्ष्मीसुन्दर सुवालले पनि बोल्नुभएको सो कार्यक्रममा शिक्षक रत्नप्रसाद फैजुले विद्यालयको त्रैमासिक समीक्षा प्रस्तुत गर्दै विद्यार्थी सङ्ख्या बढ्दो क्रममा रहेको उल्लेख गर्नुभयो । उहाँले भौतिक पूर्वाधार र व्यवस्थामा चुनौती रहेको विचार व्यक्त गर्दै नतिजा सुधारोन्मुख रहेको बताउनुभयो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**HPV खोप कार्यक्रमसम्बन्धी सूचना**

मिति २०८२ माघ २६ गतेदेखि २९ गतेसम्म कक्षा ६ मा अध्ययनरत छात्राहरूलाई पाठेघरको मुखको क्यान्सर विरूद्धको HPV खोप लगाइएकोमा सो दिन लगाउन छुट भएका छात्राहरूलाई फागुन ४ र ५ गते तपसिलबमोजिमको स्वास्थ्य संस्थामा HPV खोप लगाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**खोप सञ्चालन हुने समय** : बिहान १०:०० बजेदेखि

**तपसिल**
१. नगर स्वास्थ्य केन्द्र, तचपाल, भ.न.पा.९
२. नगर स्वास्थ्य केन्द्र, ब्यासी, भ.न.पा.२
३. आधारभूत स्वास्थ्य सेवा केन्द्र, सल्लाघारी, भ.न.पा.१

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा